लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
प्रेस काउन्सिल नेपालबाट “क” वर्गमा वर्गीकृत
Naya Bimarsha Weekly

वर्ष २०, अंक ०८, २०८३ भाद्र २६ गते शुक्रबार (Sept. 11, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## दशैंअघि पूर्वाधार विकास सचिवको अवकाश



काठमाडौं/ निजामती सेवामा प्राविधिक तर्फको सचिव बनेर आकर्षक मन्त्रालयमा बसी रजगज गर्दै आएका पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देल दशैंअघि नै अवकाश हुने भएका छन् । निजामती किताबखानाका अनुसार सचिव सिग्देल आगामी असोज १३ गते मन्त्रालयबाट विदा हुँदै छन् । सिंचाई सेवाबाट सडक विभागमा प्रवेश गरेका सिग्देलले तात्कालीन अवस्थामा सडक विभागको भन्सार मानिएको उत्तर दक्षिण व्यापारिक मार्गमा बसेर राम्रै शुभलाभ गरेको जानकारहरुले बताएका छन् ।

पछि सडक विभागको महानिर्देशक र तात्कालिन भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव बनेका सिग्देल शक्तिकेन्द्रको आशिर्वादमा बाँकी ७ पृष्ठमा

# कांग्रेसमा मिलनको खोजी

## दुवै पक्ष सोचमग्न

## देउवा दोधारमा



भक्तपुर/ नेपाली कांग्रेस अहिले एउटा निर्णायक मोडमा उभिएको छ। पार्टीभित्रको विवाद अब केवल नेतृत्वमा को रहने भन्ने प्रश्नमा सीमित छैन, यसले कांग्रेसको आगामी राजनीतिक दिशा नै कस्तो हुने भन्ने प्रश्न जन्माएको छ। सभापति गगनकुमार थापाले १५औँ महाधिवेशनको प्रक्रिया अघि बढाइरहेका बेला असन्तुष्ट समूहका नेताहरू पनि आफ्नो राजनीतिक आधार जोगाउने प्रयासमा छन् । पछिल्ला गतिविधिले दुवै पक्षबीच टकरावलाई अन्तिम बिन्दुसम्म पुऱ्याउनेभन्दा कुनै न कुनै रूपमा मिलनको बाटो खोज्नुपर्ने दबाब बढ्दै गएको संकेत गरेका छन् ।

कांग्रेसभित्रको अहिलेको अवस्थालाई नजिकबाट हेर्दा दुईवटा समानान्तर मनोविज्ञान देखिन्छ । एउटा पक्ष नेतृत्व परिवर्तनपछि पार्टीलाई नयाँ संरचना र नयाँ राजनीतिक शैलीमा अघि बढाउन चाहन्छ। अर्को पक्ष नयाँ नेतृत्वले पार्टीभित्रका पुराना सम्बन्ध, योगदान र शक्ति सन्तुलनलाई पर्याप्त ठाउँ नदिएको गुनासो गरिरहेको छ । यही असन्तुष्टिको बीचमा पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्किएपछि कांग्रेसको आन्तरिक समीकरण फेरि चर्चामा आएको हो ।

लामो समयपछि स्वदेश फर्किएका देउवा असन्तुष्ट नेताहरूले आयोजना गरेको भेलामा सहभागी हुनुले कांग्रेसभित्रको विभाजनको रेखा थप प्रस्ट भएको भन्दा पनि अर्को प्रश्न जन्माएको छ कि देउवा अब कुन बाटो रोज्छन् ? आफ्नै राजनीतिक समूहलाई संगठित गरेर नयाँ नेतृत्वसँग प्रतिस्पर्धा गर्ने कि पार्टीभित्रै सहमतिको वातावरण बनाउन भूमिका खेल्ने ? देउवाको आगामी कदमले कांग्रेसको राजनीतिक दिशामा ठूलो अर्थ राख्ने देखिन्छ।

असन्तुष्ट धारभित्र पनि भने एउटै धारणा छैन । बी.पी. कोइरालाका पुत्र डा. शशांक कोइरालालाई इतर पक्षको संयोजकका रूपमा अघि सार्ने प्रयासले यो समूहभित्रकै केही पुराना नेताहरूलाई असहज बनाएको चर्चा छ। पूर्णबहादुर खड्का र शेखर कोइरालालगायत नेताहरूको राजनीतिक हैसियत तथा लामो समयदेखि पार्टीभित्र बनाउँदै आएको प्रभावका बीच शशांकलाई केन्द्रमा ल्याउने निर्णयले नयाँ समीकरणको संकेत गरेको छ । यसलाई केवल व्यक्तिको असन्तुष्टिका रूपमा बुझ्नु पनि पर्याप्त हुँदैन । यसभित्र कांग्रेसको नेतृत्व कसरी पुनर्संरचना गर्ने र आगामी महाधिवेशनमा शक्ति कसरी बाँडफाँट गर्ने भन्ने ठूलो राजनीतिक हिसाब जोडिएको छ ।

शशांकको नाम अघि सारिनुको आफ्नै राजनीतिक अर्थ छ। बी.पी. कोइरालासँग जोडिएको पारिवारिक विरासतका कारण उनको उपस्थितिले कांग्रेसको पुरानो भावनात्मक आधारलाई छुने क्षमता राख्छ तर आजको कांग्रेस केवल विगतको विरासतले चल्ने अवस्थामा छैन । नयाँ पुस्ताको अपेक्षा, बदलिएको मतदाता मनोविज्ञान र नयाँ राजनीतिक शक्तिको चुनौतीबीच कांग्रेसले आफूलाई पुनःपरिभाषित गर्नुपर्ने अवस्था छ । त्यसैले शशांकलाई अगाडि सारेर मात्रै कांग्रेसको पुरानो शक्ति फर्कने अवस्था नरहेको विश्लेषकहरूको बुझाइ छ ।

शेखर कोइरालाको पछिल्लो सक्रियता पनि यसै कारण अर्थपूर्ण बनेको छ । लामो समयदेखि पार्टीभित्र फरक धारको नेतृत्व गर्दै आएका कोइराला एकातिर असन्तुष्ट समूहसँग संवादमा छन् भने अर्कोतिर पार्टीलाई औपचारिक रूपमा विभाजित गराउने बाटोबाट जोगाउनुपर्ने पक्षमा देखिन्छन् । सभापति थापासँगको संवादले पनि दुई पक्षबीच पूर्ण अविश्वासको अवस्था नरहेको संकेत गरेको छ। यदि थापा र शेखरबीच समझदारीको आधार तयार भयो भने कांग्रेसको वर्तमान संकटले नयाँ मोड लिन सक्छ भन्नेहरु पनि छन् ।

यही ठाउँमा पूर्णबहादुर खड्काको भूमिका पनि महत्वपूर्ण देखिन्छ। पार्टी विभाजनतर्फ जानेभन्दा संस्थागत कांग्रेसभित्रै समाधान खोज्नुपर्ने धारणा राख्ने नेताहरूको संख्या कम छैन। असन्तुष्ट बाँकी ७ पृष्ठमा

## महाअभियोग निवेदन माग रेग्मी र राईमाथि !



काठमाडौं/ सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईमाथि महाअभियोगको माग गरिएको छ। यो मागको प्रक्रिया अघि बढाउन भनी संघीय संसद् सचिवालयमा निवेदन पुगेको समाचार स्रोतले बताएको छ।

महाअभियोगको प्रस्ताव अघि बढाउनुपर्ने मागसहित शंकर रजकले निवेदन दिएका बताइएको छ। स्रोतका अनुसार उक्त निवेदन केही साताअघि नै प्राप्त भए पनि सचिवालयले यसलाई औपचारिक रुपमा बाहिर नल्याएको बताइएको छ। वैधानिक रूपमा महाअभियोगसम्बन्धी निवेदनका रूपमा दर्ता नभएका कारण पनि यो निवेदनले आधिकारिकता नपाएको स्रोतले दाबी गरेको छ। बाँकी ७ पृष्ठमा

## एमालेमा नेतृत्वको बहस कायमै



ललितपुर/ नेकपा (एमाले) अहिले बाहिरबाट हेर्दा एउटै संरचनामा देखिए पनि पार्टीभित्र भने आगामी राजनीतिक बाटोबारे अनेक प्रश्न उठिरहेका छन् । अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको नेतृत्वलाई निरन्तरता दिने कि नयाँ पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्ने भन्ने बहससँगै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा सम्भावित पुनरागमनको चर्चा पनि जोडिएको छ। त्यसमा माधवकुमार नेपाल र पुष्पकमल दाहाल नेतृत्वको नेकपासँगको सम्भावित एकताको विषय थपिँदा एमालेको आगामी दिशा अझ अनिश्चित देखिन थालेको छ।

एमालेमा ओलीको विकल्प खोज्ने आवाज नयाँ होइन तर पछिल्लो समय यसको प्रकृति केही फरक देखिन्छ । यसलाई केवल ओलीविरोधी अभियानका रूपमा भन्दा लामो समय एउटै नेतृत्वको वरिपरि घुमेको पार्टीलाई अब कसरी अगाडि बढाउने भन्ने बहसका रूपमा लिन थालिएको छ । पार्टीको प्रभाव विगतको तुलनामा कमजोर हुँदै गएको अवस्थामा नेतृत्व, संगठन र राजनीतिक सन्देश बाँकी ७ पृष्ठमा

## देउवाले नचाहे पनि एकता प्रयास जारी

कृष्ण लम्साल



काठमाडौं/ नेपाली काँग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले ढोका थुनेपछि एकताको प्रयास समाप्त भएको बताइएको छ । काँग्रेस सभापति गगनकुमार थापाले देउवालाई भेट्न ४-५ पटक कोशिश गरेपनि भेट हुन नसकेको अवस्था छ । खासगरी देउवा-थापाको भेटले काँग्रेसमा एकता भै हाले आफ्नो राजनीतिक भविष्य समाप्त हुने ठानेर को.दे. (कोइरालादेउवा) पक्षका केही नेताहरुलाई चिर चिराहट शुरु भएको छ । आफूले नचाहे पनि एकता प्रयास जारी रहने संकेत पाएपछि देउवाले बुधबार आफ्नो बोली फेरेका छन् । भक्तपुरमा आयोजित एक कार्यक्रममा देउवाले आफूले कांग्रेसलाई एकताबद्ध राख्नका लागि कुनै कसर बाँकी नराख्ने धारणा राखे ।

बरु पार्टी एकता नभए अर्को पार्टी गठन गरेर देउवालाई गुरु मानेर राजनीति गर्ने सोचमा प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्ण प्रसाद सिटौला, शशाङ्क कोइराला, प्रकाश शरण महत लगायतको सानो झुण्ड सकृय रहेको काँग्रेस श्रोतले जानकारी दिएको छ। जनता र जनमतमा अलोकपृय यी झुण्डका नेताहरुले हर्कत जे-जस्तो भए पनि पूर्वउपसभापति पूर्णबहादुर खड्का र नेता डा. शेखर कोइराला पार्टी विभाजनको पक्षमा भन्दा एकताका लागि नरम बनेका छन् ।

यसैबीच काँग्रेसले सहमति खोज्न र एकताका लागि भन्दै महाधिवेशनको कार्यतालिका संशोधन गरेको छ। यस अगाडि भाद्र २, भाद्र २४ गतेबाट शुरु हुने भनिएको थियो ।अब वडा अधिवेशन ३-४ असोज, गाउँ नगरपालिका ७ गते असोज र प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १० मा गर्ने भएको छ। केन्द्रीय महाधिवेशन १६-१९ असोजमा गर्ने तालिका यथावत रहे पनि सहमति भै एकता हुने अवस्था बाँकी ७ पृष्ठमा

## जेन-जी विद्रोह र वर्तमान शासनको परीक्षा



प्रसङ्गवश

कौशल कुमार भट्टराई

एक वर्षअघि नेपालमा सडकमा निस्किएको नवपुस्ता (जेन-जी) पुस्ताको आक्रोश एउटा सरकारविरुद्धको प्रदर्शन थिएन। त्यो लामो समयदेखि नेपाली समाजभित्र थुप्रिँदै आएको असन्तुष्टि, राजनीतिक नेतृत्वप्रतिको अविश्वास, भ्रष्टाचारप्रतिको वितृष्णा, अवसरको असमानता र राज्य सञ्चालनको पुरानो शैलीप्रतिको विद्रोह थियो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन असन्तुष्टिको देखिने कारण बने पनि त्यसको पछाडि धेरै गहिरा कारण थिए। २०८२ भदौ २३ गते शुरु भएको प्रदर्शन भोलिपल्ट अर्थात् भदौ २४ गतेसम्म पुग्दा हिंसात्मक र अराजक स्थितिमा परिणत भयो। राज्यको बल प्रयोगबाट युवाहरूको ज्यान गयो, ठूलो संख्यामा मानिस घाइते भए, सरकारी तथा निजी संरचनामा क्षति पुग्यो र देशको राजनीतिक परिस्थिति एकाएक नियन्त्रणबाहिर जस्तो देखियो। अन्ततः तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले पदबाट राजीनामा दिनुपर्ने अवस्था आयो।

त्यो क्षण नेपालको राजनीतिका लागि सामान्य सत्ता परिवर्तनभन्दा निकै ठूलो मोड थियो। सडकमा उठेको प्रश्न केवल ‘को प्रधानमन्त्री हुने ?’ भन्ने थिएन, ‘अब देश कसरी चलाउने ?’ भन्ने थियो। संसद् विघटनको अवस्था, राजनीतिक संक्रमण र बढ्दो असुरक्षाबीच पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो। उनी नेपालको पहिलो महिला प्रधानमन्त्री बनिन् र नयाँ निर्वाचन गराउने जिम्मेवारीसहित सरकारको नेतृत्वमा पुगिन् । त्यसपछि मुलुकको ध्यान निर्वाचनतर्फ केन्द्रित भयो। २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भयो। चुनावले पुरानो राजनीतिक समीकरणलाई लगभग उल्टाइदियो। राष्ट्रिय स्वतन्त्र पार्टीले अभूतपूर्व सफलता हासिल गर्दै प्रतिनिधिसभामा करिब दुईतिहाइ नजिकको शक्ति प्राप्त गऱ्यो र जेन-जी आन्दोलनले उठाएका परिवर्तनका अपेक्षालाई राजनीतिक जनादेशमा रूपान्तरण गरिदियो।

यही निर्वाचनबाट बालेन्द्र शाह अर्थात् बालेनको नेतृत्वमा नयाँ सरकार निर्माण भयो। काठमाडौं महानगरपालिकाको प्रमुखका रूपमा स्थापित उनको छवि परम्परागत राजनीतिक दलभन्दा बाहिरबाट आएको, बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# प्राकृतिक प्रकोपको सन्दर्भमा मानसिक स्वास्थ्यको महत्व



रमेश चन्द्र न्यौपाने

मानिसको जीवनमा विभिन्न किसिमका रोगहरुले बाल्यकालदेखि नै जीवनको अन्त्यसम्म पनि शरिरका सबै अङ्गहरु लाग्ने रोगहरुले मानिसलाई अस्वस्थ बनाउनुको साथै धेरै पिडाहरु पनि भोग्नु परिरहेको छ। यिनै रोगहरुको कारणले गर्दा कतिपय मानिसहरुलाई आर्थिक भारको कारणले मृत्यु अवस्थमा पनि पुऱ्याएको छ। मानिसमा लाग्ने रोगहरु धेरै जसो औषधि उपचारले निको पार्न पनि सकिन्छ तर कतिपय रोगहरु यस्ता छन् रोगको पीडाले गर्दा मानिसहरुले आत्महत्या पनि गरिरहेका छन्। संसारका सबै मानिसहरु सधैं स्वस्थ रहन चाहन्छन् तर पनि कुनै स्वस्थ रहन सकेका छैनन्।

विश्वभरिका देशहरुमा आफ्ना देशमा मानिसहरु सधैं स्वस्थ्य रहुन् भन्ने उद्देश्यले स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन्। मानिसहरु आफ्नै कारण वा अन्य कारणहरुले गर्दा रोग लाग्ने दर झनझन् बढी रहेको छ। कस्तो मानिसलाई स्वस्थ मान्ने भन्ने विषयमा विभिन्न स्वास्थ्यविज्ञ र वैज्ञानिकहरुले परिभाषा दिएका छन्। ती सबै परिभाषालाई अध्ययन गरी विश्व स्वास्थ्य संगठनले स्वस्थ मानिसको परिभाषा यस अनुसार गरेका छन्।

Health is a complete state of physical, mental, and social wellbeing and not merely an absence of disease and infirmity. (Definition by WHO-1948) and recently amplified to include the ability to lead a " socially and economically productive life". Health is multidimensional: it includes physical, mental, social, spiritual, emotional, vocational, and political dimension.

यसको अर्थ मानसिक स्वास्थ्य भनेको स्वस्थ जीवनको एक महत्वपूर्ण आयाम हो। विश्व स्वास्थ्य संगठनले स्वास्थ्यलाई रोग तथा असहजता नभएको अवस्था मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रुपमा सन्तुलित अवस्था भनेर परिभाषित गरेको छ। त्यसैले स्वस्थ्य जीवनका लागि मानसिक रुपमा पनि सवल, सक्षम र सन्तुलित रहनु पर्दछ। व्यक्तिले आफ्नो क्षमतालाई पहिचान गर्न सक्ने, जीवनका सामान्य तनावलाई व्यवस्थापन गर्न सक्ने, उत्पादनशील ढंगले काम गरी आफ्नो समुदायमा योगदान दिन सक्षम रहने अवस्था नै मानसिक स्वस्थताको अवस्था हो। यसले व्यक्तिको भावना, विचार र व्यवहारमा सन्तुलन र समन्वयको अवस्थालाई बुझाउँदछ। यही भावना, विचार र व्यवहारमा आउने परिवर्तन जून निश्चित अवधिसम्म रहिरहन्छन् र व्यक्तिको जिम्मेवारी वा सम्बन्धमा नकारात्मक असर पुग्दछ भने त्यो मानसिक स्वास्थ्य समस्या भएको अवस्था हो। नेपालमा कुल नसर्ने रोगहरुको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ। अपाङ्गत्ता नराउने प्रमुख १० कारकहरुमध्ये ४ वटा मानसिक स्वास्थ्य समस्या नै पर्दछन्। राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७ को नतिजा अनुसार नेपालमा १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरुमा मानसिक स्वास्थ्य समास्या देखिएको छ। यसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाइएको छ र ३.५ प्रतिशतमा आत्महत्या सम्बन्धी सोच पाइएको छ। १८ वर्षमाथिका व्यक्तिहरुमा १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ। यसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.५ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्या सम्बन्धी सोचको अवस्था देखिएको छ। विश्वभरमा लगभग २० प्रतिशत बालबालिका तथा किशोरकिशोरीहरूमा भावनात्मक, व्यवहारिक तथा अन्य खालको मानसिक स्वास्थ्य समस्या भएको अध्ययनहरुले देखाएका छन्। नेपालका सामुदायिक स्वास्थ्य संस्थाहरुमा आउने करिब २५ प्रतिशत सेवाग्राहीहरु कुनै न कुनै प्रकारका मानसिक वा मनोसामाजिक समस्या लिएर आउने गरेको तर सही पहिचान हुन नसकेको तथ्याङ्कले देखाएको छ। त्यस्तै, २०७५ सालमा चितवन जस्तो भौगोलिक ढंगले सुगम, सामाजिक तथा आर्थिक पक्षमा सबल र तुलनात्मक रुपमा स्वास्थ्य सेवाको सहज पहुँच भएको जिल्लामा पनि डिप्रेसन र मदिराजन्य समस्याबाट ग्रसित ५० प्रतिशत व्यक्तिले स्वास्थ्य सेवा नलिएको पाइएको थियो। कोभिड -१५ को कारण यो समस्या अझै बढेको छ। उपरोक्त तथ्याङ्कले नेपालमा मानसिक स्वास्थ्य समस्या र सेवाको उपलब्धता तथा उपभोगको अवस्था चिन्ताजनक रहेको प्रष्ट हुन्छ। मानसिक स्वास्थ्यको महत्वलाई बुझ्न र समस्यालाई समयमा नै पहिचान गरी उचित व्यवस्थापन गर्न आम नागरिक सुसूचित हुन् आवश्यक छ। मानसिक स्वास्थ्यमा देखिने मानसिक स्वास्थ्य समस्याहरु : आत्महत्या ( suicide), चिन्ता (anxiety), डर , डिप्रेसन (depression)/उदासिनता, सईकोसिस (Psychosis and Mania), छारे रोग (Epilepsy), मदिरा तथा सुर्तिजन्य पदार्थ सेवनका समस्याहरु ( Alcohol and Nicotine use disorder), बालबालिकाको बिकास, व्यवहार र भावना सम्बन्धी समस्याहरु ( Developmental, behavioral and emotional disorders in children), विस्मृति तथा अल्जाईमर्स रोग (Dementia and AlzheimerÚs disease)

**मूलभूत रुपमा मानसिक स्वास्थ्य समस्याका तीन कारणहरु रहेका मानिन्छन् :**

(१) जैविक (Biological), बंशानुगत (Genetic), मस्तिष्कमा हुने समस्याहरु जस्तैः मस्तिष्कघात, चोटपटक, संक्रमण, ट्यूमर आदि, दीर्घकालीन शारीरिक समस्याहरु जस्तैः छारेरोग, मधुमेह, मृगौला, कलेजो, थाईराइड सम्बन्धी रोग, औषधि तथा लागू औषधको प्रयोग जस्तैः Isoniazid, steroid, मदिरा, सुर्तीजन्य तथा अन्य लागू औषध

(२) मनोवैज्ञानिक ( Psychological), बाल्यकालका मानसिक हिंसा, आघात तथा अनुभवहरु, सामना गर्ने गलत सिकाई, त्रुटिपूर्ण व्यक्तित्व विकास, समस्याग्रस्त अन्तर व्यक्ति सम्बन्ध।

(३) सामाजिक (Social), कठीन पारिवारिक/सामाजिक/आर्थिक वातावरण, तनावपूर्ण जीवन परिवेश मानसिक स्वास्थ्य समस्याका सामान्यतया देखिने लक्षण तथा चिन्हहरू मनपर्ने कुराहरु पनि गर्न मन नलाग्ने। भावनात्मक र शारीरिक कठिनाई हुने। खुशी हुनुपर्ने कुरामा पनि खुशी नहुने। बाँच्नु बेकार छ भन्ने जस्ता भावना आउने। जीवन मूल्वहीन भएको र भविष्य प्रति कुनै आशा नै नभएको महसूस हुने। आत्महत्या गर्ने बिचार आउने। दुखित र निरास मनस्थिति हुने। कुनै कुरामा चाख नहुने र ध्यान केन्द्रित नहुने। रुचिमा परिवर्तन आउने (खान मन नलाग्ने वा धेरै खान मन लाग्ने) निन्द्रा धेरै लाग्ने वा निन्द्रा नलाग्ने। बकाई महसुस हुने। डर/चिन्ता लाग्ने ध्यान केन्द्रित गर्न नसक्ने एक्लै बस्ने, हाँस्ने, बोल्ने वा बरबराउने अनावश्यक शंका गर्ने असामान्य व्यवहार देखाउने दैनिक क्रियाकलाप गर्न नसक्ने उपरोक्त लक्षणहरु २ हप्ता भन्दा बढि समयसम्म देखा परेमा मानसिक रोगको शंका गर्न सकिन्छ। मानसिक स्वास्थ्य समस्याबारे भ्रम र यथार्थ भ्रमः मानसिक स्वास्थ्य समस्या थोरै व्यक्तिमा मात्र हुन्छ। यथार्थ विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक चार जनामा एक जना व्यक्तिलाई मानसिक स्वास्थ्य समस्या रहेको हुल सक्छ। भ्रमः मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले काम गर्न सक्दैनन्। यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिले उचित उपचार, अवसर र सहयोग पाएमा अन्य व्यक्ति सरह काम गर्न सक्छन्। कडा खालका मानसिक समस्या भएमा मनोचिकित्सक तथा मनोवैज्ञानिक उपचारपछि व्यक्ति सामान्य र स्वतन्त्र जीवन जिउन सक्छ।

भ्रमः मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु हिंसक तथा आक्रामक खालका हुन्छन्। यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु स्वयम् नै हिंसा र आक्रमणको जोखिममा हुन्छन्। विश्व स्वास्थ्य संगठनका अनुसार १० मध्ये ५ जना मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति कुनै न कुनै रुपमा मानव अधिकार हननका घटनामा परिरहेका हुन्छन्। भ्रमः बालबालिका र किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्या हुँदैन। यथार्थः ५० प्रतिशत भन्दा बढी मानसिक स्वास्थ्य समस्या १४ बर्ष पुग्नु अगावै शुरु हुन्छ। प्रत्येक ५ जना मध्ये १ जना बालबालिका तथा किशोरकिशोरीमा मानसिक स्वास्थ्य समस्या हुन्छ। भ्रमः मानसिक स्वास्थ्य समस्या व्यक्तिगत कमजोरीका कारण हुन्छ। यथार्थ : मानसिक स्वास्थ्य समस्या जैविक, वातावरणीय, सामाजिक तथा मनोबैज्ञानिक कारणहरुले गर्दा बिकास हुनसक्छ। भ्रम : मानसिक समस्या भएका व्यक्तिलाई विवाह गरिदिए पछि सञ्चो हुन्छ भ्रम : धामी झाँक्रीको सहयोग वा धर्म परिवर्तन गरेमा मानसिक समस्या ठीक हुन्छ। यथार्थ : मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई उचित उपचार, सहयोग र अवसर प्रदान गरेमा सञ्चो हुन्छ।

मानसिक स्वास्थ्य समस्याबाट बच्ने उपायः विपद् तथा महामारीका बेला एक्लै चिन्ता गरेर हैन आफ्नो परिवारसँग समय बिताएर वा सृजनशील काम गरेर समयको सदुपयोग गर्ने। घरायसी काम तथा पारिवारिक छलफलमा सहभागी हुने। नियमित रूपमा शारीरिक व्यायाम तथा ध्यान गर्ने। मदिरा तथा लागू पदार्थ सेवन नगर्ने। तनाब व्यवस्थापन गर्न गाह्रो परेमा वा मानसिक समस्या देखिएमा मनोचिकित्सक वा मनोविद्सँग परामर्श लिने। टाढा भए पनि आफन्त तथा साथीभाइसँग नियमित सम्पर्कमा रहने। उद्देश्य अनुरुप निर्णय गर्ने। ध्यान दिएर काम गर्ने। पर्याप्त मात्रामा सुत्ने। नयाँ सीप सिक्ने र प्रयोग गर्ने।

यस्तो डरलाग्दो समस्या व्यक्ति र समाज हुँदा पनि अझै सरकारले यो समस्यालाई गम्भीर रुपमा लिएर काम गर्न सकेको छैन अब मानसिक स्वास्थ्य समस्यालाई समाधन गर्नको लागि जनचेतना मुलक कार्यक्रमलाई व्यापक रुपमा संचालन गरी समयमा नै यो समस्या हल गर्नु पर्ने देखिन्छ। हाल यो मानसिक स्वास्थ्य समस्या विशेष गरी वृद्ध नागरिकमा बढी देखिएको हुँदा त्यो वर्गलाई समस्त परिवार लगायत सबैले विशेष ध्यान दिनुपर्ने अवस्था आएको छ अन्यथा यो समस्या ठूलो चुनौतीपूर्ण हुन् सक्दछ। मानसिक स्वास्थ्यको समस्याहरुलाई रोकथाम नियन्त्रण र व्यवस्थापन गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जन चेतना कार्यक्रमसहित विभिन्न कार्यक्रमहरु संचालन गरी पहिलो प्राथमिकताको रुपमा काम गरिरहेको छ।

(लेखक न्यौपाने वरिष्ठ जनस्वास्थ्यविद् हुनुहुन्छ)

OFFSET PRESS WORK
PAPER DESIGN
CALANDER DESIGN
FLEX BOARD PRINT
STAMP PRINT & Many More...
Pranish Design & Print
Mitrapark, Chabahil, (Behind Telecom)
Ph: 9841475151 / 014462939

## प्रबासी नेपालीजनलाई अवसरसँगै सूचना

नेपाल बाहिर अर्थात प्रबासमा रहनु हुने नेपालीजनमा लेखनप्रति रुचि छ भने तपाईहरुलाई यस पत्रिकाले अवसर प्रदान गरेको छ। त्यो के भने तपाईहरु आफ्ना साहित्यिक लेख, रचनादेखि विभिन्न खाले लेख, विचार प्रकाशन गर्न चाहनुहुन्छ भने 'नयाँ विमर्श' ले तपाईहरुका लेख, रचनाहरुलाई उचित स्थान दिने गरेको छ। त्यसैले तपाईहरुले आफ्ना साहित्यिक लेख, रचनादेखि आत्मकथा, आफ्ना नियात्रा, आफ्ना अनुभव, आफ्ना वेदनाहरुलाई यस पत्रिकामार्फत पोख्न सक्नु हुनेछ। तपाईका लेख, रचना, वेदना तथा अनुभवहरुलाई लेखकीय स्वरुपमा पठाउनु होला। लेख्न मन छ तर लेखाईको अंग पुगेन कि जस्तो लागेमा पनि नहिच्काउनु होला, लेखेर पठाउनु होला, राम्रो सम्पादन गरी प्रकाशनयोग्य हामी बनाई दिनेछौं।

त्यसैले आफ्ना लेख, रचना, अनुभव, पीडा, वेदना तथा नियात्रासँग सम्बन्धित विचारहरु नयाँ विमर्शको इमेलमा पठाउन सक्नु हुनेछ। त्योसँगै आफ्नो व्यक्तिगत तस्वीर तथा सान्दर्भिक तस्वीरहरु पठाउनु भएमा उचित स्थान दिने नै छौं। यसरी सामग्रीहरु पठाउँदा अर्को कुनै सञ्चारमाध्यमलाई पठाई सकेको सामग्री भने नपठाउनु होला।

सामग्री पठाउन यो इमेलमा पठाउन सक्नु हुनेछ।

इमेल nayabimarsha@gmail.com

## 'हामी र हाम्रो कृति समाज' ले मनायो तेस्रो वार्षिकोत्सव

काठमाडौं/ 'हामी र हाम्रो कृति समाज' को तेस्रो वार्षिकोत्सव विविध कार्यक्रमको साथ सम्पन्न भएको छ। वार्षिकोत्सवमा सम्मान तथा पुरस्कार समर्पण र कृति लोकार्पण भएको छ। कार्यक्रम शुरु हुनु अगावै शोकधुनसहित भोटेकोशी तथा त्रिशूली नदीबाट ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गरिएको थियो।




संस्थाका अध्यक्ष मदन नेपालको अध्यक्षता र वरिष्ठ गजलकार तथा मुक्तककार ज्ञानवाकर पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा लीलाध्वज साहित्य प्रतिष्ठानका अध्यक्ष वरिष्ठ साहित्यकार विजयध्वज थापा, प्रतिनिधि सभाका सदस्य मोरङ क्षेत्र नम्बर ३ का सांसद प्रेमलाल चौधरी (प्रेम तपस्वी), नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोने र उपाध्यक्ष वियोगी बुढाथोकी विशिष्ट अतिथिका रूपमा रहेका थिए। नेपाल प्रज्ञाप्रतिष्ठान कमलादी, काठमाडौंमा भएको कार्यक्रममा डा. भरत भट्टराईले लोकार्पितको समालोचनात्मक टिप्पणी गरेका थिए। उक्त कार्यक्रममा सभापति प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूलाई संस्थाकी उपाध्यक्ष नम्रता उप्रेतीले स्वागत गरेकी थिइन्।

२०८० सालमा स्थापना भएको यस संस्थाले साहित्यिक गतिविधिसहित स्रष्टाहरूका कृतिहरू प्रकाशन गर्नुका साथै स्रष्टाहरूलाई पुरस्कार र सम्मानले समेत सुशोभित गर्ने गरेको छ। यसले स्रष्टाहरूलाई लेखनमा एक प्रकारको उत्प्रेरणा समेत थप्ने गरेको छ। कार्यक्रममा संस्थाका सचिव बद्री उप्रेतीले संस्थाले गरेको गतिविधि र भावी योजना प्रस्तुत गरेका थिए। कार्यक्रमको पहिलो खण्डमा संस्थामा आबद्ध भएका आजीवन सदस्य तथा विशिष्ट आजीवन सदस्यहरूलाई सम्मानसहित आजीवन तथा विशिष्ट आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो। संस्थाले नियमित गर्ने कार्यक्रमहरूमा सहयोग गर्ने दाता सदस्यहरूलाई समेत प्रमाणपत्र प्रदान गरेर सम्मान गरिएको थियो।

हालसम्म संस्थाका ५० भन्दा बढी आजीवन सदस्य र १५ भन्दा बढी विशिष्ट आजीवन सदस्य छन्। करिब १५० साधारण सदस्य रहेको कुरा संस्थाका अध्यक्ष मदन नेपालले बताए। संस्थाले हरेक वर्ष तीनजना वरिष्ठ साहित्यकारहरूको नाममा वितरण गरिरहेको पुरस्कार तथा सम्मान तीन मुक्तकारलाई प्रदान गरेको थियो।

सम्मानित स्रष्टाहरूमा उषा शेरचन सम्मान पुरस्कार-२०८२ द्वारा काठमाडौं बानेश्वरकी स्रष्टा मुक्तककार गृष्मा पौडेलको मुक्तकसङ्ग्रह 'सङ्घर्ष' १०१', ज्ञानुवाकर पौडेल सम्मान पुरस्कार -२०८२ बैतडीका स्रष्टा मुक्तककार कर्ण दयाल 'सोराडी' को मुक्तकसङ्ग्रह 'उथलपुथल' तथा सरुभक्त सम्मान पुरस्कार -२०८२ मोरङ झोराहाटका स्रष्टा मुक्तककार नेत्र खतिवडाको मुक्तकसङ्ग्रह 'ढुङ्गो फुलेपछि' ले प्राप्त गरेका थिए। हरेक पुरस्कारको राशि रु.११,१११ तथा सम्मानपत्र रहेको थियो। पुरस्कार प्राप्त गरिसकेपछि पुरस्कृत स्रष्टाहरूमध्ये विराटनगरका स्रष्टा नेत्र खतिवडाले आफूले काठमाडौंमा नेपाल प्रज्ञाप्रतिष्ठान साक्षी राखेर यसरी पाएको सम्मान र पुरस्कारले लेखन विधामा अगाडि बढ्न प्रेरणा मिलेको बताए।

कार्यक्रममा पुरस्कृत भएका कृतिहरूभित्रबाट मुक्तकहरू वाचन गर्ने क्रममा स्रष्टा नेत्र खतिवडा आफैंले तीन मुक्तक वाचन गरे भने ग्रीष्मा पौडेलको मुक्तकसंग्रहका तीन मुक्तक मुक्तककार एकराज भट्टराईले वाचन गरेका थिए।त्यस्तै स्रष्टा तथा मुक्तककार कर्ण दयालको मुक्तकसंग्रहभित्रको तीन मुक्तक संस्थाकी उपाध्यक्ष नम्रता उप्रेतीले वाचन गरेका थिए। त्यस्तै कार्यक्रमको दोस्रो चरणमा संस्थाले प्रकाशन गरेको ११७ मुक्तककारको संयुक्त मुक्तकसंग्रह हामी र हाम्रो अमरकृतिको लोकार्पण गरिएको थियो। उक्त कृतिको लोकार्पण कार्यक्रममा प्रमुख अतिथि ज्ञानुवाकर पौडेल, विशिष्ट अतिथि लीलाध्वज थापा, नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोने, उपाध्यक्ष वियोगी बुढाथोकी तथा सांसद प्रेमलाल चौधरीले संयुक्त रूपमा लोकार्पण गरेका थिए।

उक्त कृतिबारे चर्चा तथा समालोचनात्मक टिप्पणी गर्दै कृतिभित्र विविध बहुआयामिक विषयवस्तुहरू समाविष्ट भएको र यस प्रकारका कृतिले देशविदेशका घटना र परिघटनाहरू समेत समेट्ने कुरा व्यक्त गर्दै यो मुक्तक क्षेत्रमा कोसे ढुङ्गो सावित हुने वरिष्ठ समालोचक डा. भरत भट्टराईले बताए। संस्थाका संस्थापक सदस्य नवराज नवशिलाले सञ्चालन गरेको उक्त कार्यक्रममा संस्थाका सदस्य सुभद्रा अधिकारीले शब्द मार्फत स्वागत गरेकी थिइन्।

कृतिभित्र समाविष्ट भएका करिब ५० भन्दा बढी स्रष्टाले मञ्चबाट प्रमुख अतिथिको तथा सभापतिको हातबाट ३/३ प्रति कृति समेत ग्रहण गरेका थिए। कार्यक्रममा आफ्नो मन्तव्य राख्दै नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेले हामी र हाम्रो कृति समाज भन्ने संस्था अहिले हामी र हाम्रो मुक्तक समाजभन्दा पनि ठूलो संस्था जस्तो भएको व्यक्त गर्दै संस्थालाई अझ अगाडि बढ्न शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा विशिष्ट अतिथि प्रेमलाल चौधरीले यस प्रकारका साहित्यिक कार्यक्रमहरूले भाषा साहित्यलाई विश्वव्यापीकरण गर्न मद्दत गर्ने र सिर्जनाका माध्यमबाट समाजलाई समुन्नत बनाउन र नयाँ पुस्ताहरूलाई प्रेरणा भर्न सक्ने कुरा व्यक्त गरेका थिए। कार्यक्रममा वरिष्ठ साहित्यकार उषा शेरचनले पठाएको रेकर्डेड म्यासेजलाई समेत शुभकामना स्वरूप सबैलाई सुनाइएको थियो। उनले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा पनि यस्तै असल र साहित्यिक गतिविधि अगाडि बढाउन सकोस् भन्ने कुरा व्यक्त गरेका थिए। कार्यक्रममा आफ्नो भनाइ राख्दै कार्यक्रमका प्रमुख अतिथि ज्ञानुवाकर पौडेलले संस्थाका अध्यक्ष तथा संस्थाका सम्पूर्ण सदस्यको यस प्रकारको मेहनतले हामी र हाम्रो कृति समाज साहित्यिक संस्थाको रूपमा यो उचाइसम्म पुगेको व्यक्त गरेका थिए।

थोरैथोरै रकमबाट धेरै काम गर्न सकिन्छ भन्ने एउटा असल उदाहरण हामी र हाम्रो समाज भएको व्यक्त गर्दै स्रष्टाहरूलाई अगाडि बढ्न र उत्प्रेरणा थप्न समेत संस्थाका अध्यक्षले गरेको काम निकै सराहनीय रहेको बताए। उनले संस्थाका अध्यक्ष मदन नेपाल आफैं किङ हुनुपर्नेमा उनले अन्य व्यक्तित्वहरू माथि उठाएर आफू किङ मेकर भएको संज्ञा समेत दिएका थिए। कार्यक्रम समापन गर्ने क्रममा संस्थाका अध्यक्ष तथा कार्यक्रमका सभापति मदन नेपालले सम्पूर्ण सदस्य र विश्वास गरेर सहयोग गर्ने सहयोगी दाता र स्रष्टाहरूलाई धन्यवाद ज्ञापन गरेका थिए। संस्थाले यस प्रकारका कार्यक्रमहरूलाई आयोजना सहयोगी र संस्थालाई विश्वास गर्ने स्रष्टा सर्जक र मुक्तकारहरूले नै यस प्रकारको कार्यक्रम सफल बनाएको र यसको सम्पूर्ण श्रेय उनीहरूलाई नै जाने समेत बताए।







कौशल कुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानुनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

"मानिसको वास्तविक पहिचान उसको चरित्र र कर्मले गर्छ, बाहिरी देखावटले होइन।"- **महात्मा गान्धी**

"मानिसको मूल्य उसले कति प्राप्त गर्‍यो भन्नेमा होइन, उसले कति दियो भन्नेमा निर्भर हुन्छ।"- **अल्बर्ट आइन्स्टाइन**

"चरित्र भनेको रूख हो र प्रतिष्ठा त्यसको छाया हो। छायाबारे हामी सोच्दछौं, तर वास्तविक कुरा रूख हो।"- **अब्राहम लिंकन**

"मानिसको चरित्र उसको शक्ति र अधिकारमा होइन, कठिन परिस्थितिमा उसले गर्ने व्यवहारमा देखिन्छ।"- **नेल्सन मण्डेला**

## सम्पादकीय...................

# विपद् आउँदा सरकारको परीक्षा

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीले नेपाललाई फेरि एक पटक विपद्को कठोर अनुहारसँग आमनेसामने गराएको छ। केही क्षणमै नदीले आफ्नो बाटो बदल्दा घर, सडक, पुल, जलविद्युत् संरचना र मानवीय जीवनमाथि अकल्पनीय क्षति पुग्यो। त्यसको असर रसुवामा मात्र सीमित रहेन; नुवाकोट, धादिङलगायत नदीको बहावसँग जोडिएका क्षेत्रमा पनि जनजीवन नराम्ररी प्रभावित भयो। धेरैले आफन्त गुमाए, कतिपय अझै आफ्ना प्रियजनको खोजीमा छन्, हजारौँ परिवार विस्थापनको पीडामा छन्। यस्तो विपद्लाई केवल प्राकृतिक घटना भनेर पन्छाउन मिल्दैन। प्राकृतिक विपत्ति रोक्न नसकिएला, तर त्यसबाट हुने मानवीय क्षति घटाउने तयारी राज्यको जिम्मेवारी हो। विपद् आउनुअघि जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित स्थानको व्यवस्था र उद्धार संयन्त्रको तयारी कति प्रभावकारी थियो भन्ने प्रश्न अहिले स्वाभाविक रूपमा उठेको छ। विपद् भइसकेपछि उद्धारका लागि राज्यका संयन्त्र परिचालित भए पनि प्रभावित नागरिकले अपेक्षा गरेअनुसार समयमै सहायता नपाएको गुनासो र उद्धारमा देखिएका कठिनाइले हाम्रो विपद् व्यवस्थापन प्रणाली अझै कति कमजोर रहेछ भन्ने देखाएको छ।

विपत्तिको घडीमा सरकारको मूल्याङ्कन भाषण, विज्ञप्ति वा बैठकको संख्याले हुँदैन; संकटमा परेको नागरिकसम्म राज्य कति छिटो पुग्यो भन्ने कुराले हुन्छ। रसुवामा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न निकाय परिचालित भए, कठिन भौगोलिक अवस्थाबीच खोजी र उद्धार जारी रह्यो। तर राज्यका सबै संयन्त्र परिचालित हुनु र पीडितले राज्यको उपस्थिति अनुभूति गर्नु एउटै कुरा होइन। कतिपय प्रभावित क्षेत्रमा बाटोघाटो र सञ्चार सम्पर्क विच्छेद हुँदा उद्धार तथा राहत पुर्‍याउन कठिनाइ हुनु स्वाभाविक थियो, तर यही कठिनाइलाई सामना गर्न राज्यसँग वैकल्पिक योजना हुनुपर्ने हो। अझ राहत वितरणमा पनि कसले पायो, कसले पाएन, कुन ठाउँमा के आवश्यक छ र वास्तविक पीडितसम्म सामग्री पुगे कि पुगेन भन्ने विषयमा पारदर्शिता र समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ। सरकारी संयन्त्रले उद्धार र राहतमा आफूले गरेको कामको विवरण सार्वजनिक गरिरहँदा पीडित परिवारको अनुभवलाई पनि उत्तिकै महत्व दिनुपर्छ किनकि एउटा परिवारका लागि राहतको प्याकेटभन्दा हराएको सदस्यको खोजी, बस्ने सुरक्षित ठाउँ, औषधि, खानेपानी र भविष्यको भरोसा बढी महत्वपूर्ण हुन्छ। सरकारप्रति असन्तुष्टि बढ्नुको कारण यही दूरी हो जसले सरकारले गरेको काम र पीडितले अनुभूति गरेको सहयोगबीचको दूरी।

अब सरकारको प्राथमिकता केवल उद्धार सकियो भनेर घोषणा गर्नु हुनुहुँदैन। विपद्पछिको वास्तविक परीक्षा त त्यसपछि शुरु हुन्छ। बेपत्ताको खोजी, मृतकको पहिचान, विस्थापितको पुनःस्थापना, क्षतिग्रस्त सडक-पुल तथा पूर्वाधारको पुनर्निर्माण, जीविकोपार्जन गुमाएका परिवारलाई सहयोग र आगामी वर्षायामका लागि जोखिम न्यूनीकरण, यी सबै कामलाई एउटै राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्छ। सरकारले राहत कोषमा सहयोग गर्न आह्वान गरिसकेको छ र विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेको अवस्था छ। राहतको रकम र सामग्री जम्मा गर्नु मात्र पर्याप्त हुँदैन; त्यसको वितरण निष्पक्ष, पारदर्शी र आवश्यकतामा आधारित हुनुपर्छ। रसुवाको बाढीले एउटा गम्भीर पाठ दिएको छ कि नेपालमा विपद् व्यवस्थापन अझै पनि घटना भएपछि सक्रिय हुने प्रवृत्तिबाट बाहिर निस्कनुपर्छ। पूर्वतयारी, प्रविधि, पूर्वसूचना, स्थानीय क्षमता र जिम्मेवार निकायबीचको समन्वयलाई बलियो बनाइनुपर्छ। मृतकप्रति श्रद्धाञ्जली र पीडितप्रति सहानुभूति शब्दमा मात्र होइन, राज्यको व्यवहारमा देखिनुपर्छ। विपद् प्रकृतिको प्रहार हुन सक्छ, तर विपद्पछिको पीडा कति गहिरो बनाउने भन्ने कुरा राज्यको तयारी र संवेदनशीलताले निर्धारण गर्छ।

# व्यावसायिक-आर्थिक क्षति र सरकारको कर राहत नीति



सी.ए. गुरु प्रसाद पोखेल

२०८३ साल भदौ ११ गते (२६ अगस्ट २०२६) रसुवा जिल्लाको नेपाल-चीन सीमा क्षेत्रमा त्रिशूली र भोटेकोशी नदी करिडोरमा आएको अकस्मात् बाढीले नेपालको सीमावर्ती अर्थतन्त्रलाई गहिरो चोट पुर्‍याएको छ। तिब्बत क्षेत्रबाट हिमताल तथा हिउँपहिरोसँग सम्बन्धित पानीको अकस्मात् बहावका कारण आएको यस बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवनका साथै गण्डकी प्रदेशका गोरखा र तनहुँ जिल्लासम्म समेत असर पुर्‍याएको छ।

सरकारले प्रभावित १५ वटा स्थानीय तहलाई ३ महिनाका लागि विपद संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ। स्याफ्रुबेसी, टिमुरे, त्रिशूली लगायतका बजार क्षेत्र र नेपाल-चीन व्यापारको मुख्य नाका रसुवागढी हुँदै हुने आवतजावत नै यस बाढीले प्रत्यक्ष प्रभावित भएकाले भौतिक क्षतिसँगै व्यापार व्यवसाय, ऊर्जा र वित्तीय क्षेत्रमा समेत ठूलो धक्का लागेको छ। विगत केही वर्ष यता मनसुनको स्वरूपमा आएको परिवर्तन र हिमाली क्षेत्रमा हिमताल विस्फोट जस्ता घटनाहरू बढ्दै गएका छन्, जसको एउटा नमुनाका रूपमा यस बाढीलाई पनि लिन सकिन्छ। सीमावर्ती जिल्लामा आधारभूत पूर्वाधारको क्षति हुनुले नेपालको विपद जोखिम न्यूनीकरण र पूर्वाधार डिजाइन नीतिमा पनि पुनर्विचार गर्नुपर्ने संकेत गर्छ।

विगतमा पनि २०७२ सालको भूकम्प, कोभिड-१९ महामारी र वार्षिक रूपमा दोहोरिने बाढी-पहिरोपछि सरकारले प्रायः यस्तै प्रकृतिको कर छुट, म्याद थप र ऋण सहुलियतको बाटो अपनाउने गरेको छ। यस पटक पनि त्यही परम्परागत नीतिगत ढाँचालाई निरन्तरता दिइएको देखिन्छ, जसले एकातिर व्यवसायलाई तत्काल सहारा दिन्छ भने अर्कोतिर विपद-पछिको पुनरुत्थानका लागि नयाँ, संरचनात्मक नीतिगत उपकरण जस्तै विपद बीमा कोष, पूर्व-निर्धारित आकस्मिक बजेट व्यवस्थाको खाँचोलाई पनि उजागर गर्छ। यही पृष्ठभूमिमा लेखा तथा वित्त क्षेत्रसँग सम्बद्ध पेशेवरको हैसियतले यस बाढीबाट भएको आर्थिक क्षति र सरकारले ल्याएको राहत प्याकेजको बस्तुनिष्ठ विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ।

*आर्थिक तथा व्यावसायिक क्षति*

सडक विभागको प्रारम्भिक आकलन अनुसार यस बाढीले करिब १५ अर्ब रुपियाँ बराबरको सडक तथा पुल पूर्वाधारमा क्षति पुर्‍याएको छ, जस अन्तर्गत १०१ वटा ठूला-साना पुल र ५५ किलोमिटर सडक क्षतिग्रस्त भएका छन्। स्याफ्रुबेसी-रसुवागढी सडक खण्ड, जुन २०८२ सालको बाढीपछि पुनर्निर्माणाधीन थियो, फेरि क्षतिग्रस्त भएको छ। यसले पूर्वाधार पुनर्निर्माणमा लगानी दोहोरिनुका साथै राज्यको पुँजीगत खर्चको बोझ थप बढाउने देखिन्छ।

व्यापार तथा नाका अवरोधका दृष्टिले हेर्दा, कुल नेपाल-चीन व्यापारको झण्डै ३०% ओसार्ने प्रमुख नाका रसुवागढी-केरुङ बाढीले पूर्णतः अवरुद्ध भएको छ। यसले सीमा व्यापारका साथै पर्यटन गतिविधि समेत ठप्प पारेको छ। ऊर्जा क्षेत्रमा झण्डै ७४८ मेगावाट क्षमताका १४ वटा जलविद्युत् तथा सौर्य आयोजना बाढीबाट प्रभावित भएका छन्, जसमध्ये त्रिशूली ३-ब लगायतका आयोजनामा क्षति पुगेसँगै बंगलादेशतर्फको विद्युत् निर्यात समेत अवरुद्ध भएको छ।

यसबाहेक नाका हुँदै आयात हुने सयौं पार्किङ गरिएका ट्रक तथा विद्युतीय सवारीसाधन बाढीमा बगेका वा नष्ट भएका छन्। रसुवा भन्सार नाकाबाट आयात भइरहेको मालसामान समेत बाढीले क्षति पुर्‍याएको छ। सरकारले तयार गरिरहेको विस्तृत क्षति आकलन अनुसार समग्र पुनर्निर्माण लागत करिब ५ अर्ब अमेरिकी डलरसम्म पुग्न सक्ने प्रारम्भिक अनुमान गरिएको छ। यी तथ्यांकले यस बाढीले केवल भौतिक संरचनामा मात्र होइन, व्यापार, ऊर्जा निर्यात, ढुवानी र साना-मझौला व्यवसायको नगद प्रवाहमा समेत गम्भीर असर पारेको छ।

क्षेत्रगत रूपमा हेर्ने हो भने पर्यटन व्यवसाय सबैभन्दा तात्कालीन रूपमा प्रभावित भएको देखिन्छ। रसुवागढी हुँदै हुने कैलाश मानसरोवर तीर्थयात्रा तथा लाङटाङ क्षेत्रको ट्रेकिङ पर्यटन ठप्प हुँदा त्यससँग जोडिएका होटल, लज, यातायात र गाइड व्यवसायको मौसमी आम्दानी गुम्ने खतरा छ। त्यसैगरी नाका-आश्रित साना व्यापारी, ढुवानी व्यवसायी र ज्याला मजदुरहरूको दैनिक आम्दानीमा प्रत्यक्ष असर परेको छ, जुन औपचारिक तथ्यांकमा सजिलै नदेखिने भए पनि स्थानीय अर्थतन्त्रका लागि निकै संवेदनशील पक्ष हो। जलविद्युत् आयोजनाहरूको उत्पादन रोकिँदा राष्ट्रिय प्रसारण लाइनमा विद्युत आपूर्तिमा समेत केही समयका लागि दबाब पर्न सक्ने देखिन्छ, जसले लगानीकर्ताको दीर्घकालीन जोखिम मूल्याङ्कनलाई पनि असर गर्छ।

*कर तथा राजस्व राहत प्याकेज*

भोटेकोशी बाढी प्रभावित व्यवसायलाई पुनरुत्थान गर्न मन्त्रिपरिषदले भदौ १८ मा पहिलो चरणको राहत प्याकेज स्वीकृत गरेको छ। यसका मुख्य व्यवस्था चार निकायमार्फत लागू हुने गरी तय भएका छन्। पहिलो, भन्सार विभागअन्तर्गत भन्सार महसुल छुटको व्यवस्था छ। बाढीले मर्मत नहुने गरी क्षतिग्रस्त वा हराएका व्यावसायिक सवारी वा ढुवानी साधनको दर्ता खारेज गरी पुनः आयात गर्दा सम्पूर्ण भन्सार महसुलमा छुट दिइनेछ। त्यसैगरी नष्ट भएका प्लान्ट, मेसिनरी र यन्त्र-उपकरण नष्ट भएको परिमाणमा नबढ्ने गरी पैठारी गर्दा पूर्ण भन्सार महसुल छुट दिइनेछ। महसुल तिरिसकेको तर गन्तव्यमा नपुग्दै नष्ट भएको बस्तु सोही प्रकृतिको ६ महिनाभित्र पैठारी गरे पहिले तिरेको महसुल बराबर रकम समायोजन गरिने व्यवस्था पनि राखिएको छ।

दोस्रो, आन्तरिक राजस्व विभागमार्फत कर छुट तथा सहुलियत प्रदान गरिएको छ। भदौ-असोजमा बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क र वार्षिक वित्त ऐन २०८३ बमोजिमको विवरण/कर बुझाउने म्याद कार्तिक २५ गतेसम्म (११ नोभेम्बर २०२६) थपिएको छ। बाढीले क्षति भएको व्यावसायिक सम्पत्तिको मूल्य अभिवृद्धि कर दाबी समायोजन प्रक्रिया सरलीकृत गरिएको छ। पूर्ण रूपमा क्षति भएको सम्पत्तिको मूल्य कर प्रयोजनका लागि एकमुष्ट खर्च कट्टी गर्न सकिने व्यवस्था गरिएको छ। आंशिक क्षति भएको ह्रासयोग्य सम्पत्तिको मर्मत खर्चमा आयकर ऐनको दफा १६(२) को सीमा आर्थिक वर्ष २०८३/८४ मा नलाग्ने गरिएको छ। प्रत्यक्ष प्रभावितले पूर्वानुमानित आय विवरण (डी-०१) पेस गरेमा आर्थिक वर्ष २०८२/८३ को आयकरमा पूर्ण छुट पाउनेछन्। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरिएको संस्थागत सामाजिक उत्तरदायित्व (ऋक्च) योगदानलाई सोही उत्तरदायित्व वापतको खर्च मानिने गरी ऐन/नियम परिमार्जन गर्ने तथा प्रदेश/स्थानीय तहलाई सम्पत्ति कर, व्यवसाय कर, नक्सापास दस्तुरमा सहुलियत दिन अनुरोध गर्ने व्यवस्था समेत यसमा समावेश छ।

तेस्रो, नेपाल राष्ट्र बैंकमार्फत ऋण तथा ब्याज सहुलियत सम्बन्धी ६ वटा व्यवस्था तय गरिएको छ। रसुवा भन्सारबाट भित्रिने पैठारी वस्तुको क्षतिको आधारमा कर्जा पुर्नसंरचना/पुर्नतालिकीकरण तथा भुक्तानी म्याद थप्ने सुविधा दिइनेछ। प्रभावित सबै ऋणीले १ पटकका लागि कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न पाउनेछन्। क्षतिग्रस्त सवारी वा यन्त्र-उपकरण पुनः खरिदका लागि न्यूनतम प्रिमियममा नयाँ कर्जा दिने र ऋण-मूल्य अनुपात पुनरावलोकन गर्ने, १ वर्षका लागि आधार दरमा ०.५% प्रिमियम वा विद्यमान प्रिमियममध्ये जुन कम हुन्छ सोही ब्याजदर लागू गर्ने र व्यवसाय पुनरुत्थान/रोजगारी सुरक्षाका लागि बैंकले तेस्रो पक्षको खातामा सोझै भुक्तानी हुने गरी थप कर्जा दिन सक्ने व्यवस्था पनि समावेश छ।

चौथो, बीमा प्राधिकरणमार्फत बीमा दाबी तथा क्षतिपूर्तिसम्बन्धी ४ वटा व्यवस्था गरिएको छ। बाढीजन्य क्षतिको बीमा दाबी मूल्याङ्कन छिटो बनाउन सरलीकृत सर्भेयर व्यवस्था गरिनेछ। प्रारम्भिक मूल्याङ्कनकै आधारमा बीमकले बढीमा ५०% सम्म अग्रिम दाबी भुक्तानी गर्नेछ भने पुनर्बीमकले पनि बीमकलाई बढीमा ५०% सम्म अग्रिम भुक्तानी दिनेछ। संक्षिप्त दाबी भुक्तानी कार्यविधि छिट्टै तर्जुमा गरी लागू गरिनेछ।

व्यापक आर्थिक सन्दर्भमा हेर्ने हो भने नेपालको समग्र अर्थतन्त्र अझै पनि रेमिट्यान्स र आयातमा उच्च निर्भर संरचनाको हो। यस्तो अवस्थामा सीमा व्यापार नाका लामो समय बन्द रहनु भनेको केवल रसुवाको स्थानीय क्षति मात्र नभई राष्ट्रिय व्यापार घाटा, भन्सार राजस्व संकलन र आपूर्ति शृंखलामा समेत तरंग प्रभाव पर्नु हो। चीनबाट आयात हुने कच्चा पदार्थ र औद्योगिक सामानको ढुवानी विकल्प मार्ग मार्फत गर्दा ढुवानी लागत बढ्ने र समयमै आपूर्ति नहुँदा उत्पादन शृंखलामा समेत असर पर्ने सम्भावना रहन्छ। यसैले यस बाढीको प्रभावलाई केवल रसुवा जिल्लाको स्थानीय विपदका रूपमा मात्र नियाल्नुभन्दा राष्ट्रिय व्यापार तथा ऊर्जा रणनीतिको एउटा जोखिम कारकका रूपमा समेत हेर्नुपर्ने देखिन्छ।

*सकारात्मक पक्ष*

यस राहत प्याकेजका केही सकारात्मक पक्ष स्पष्ट देखिन्छन्। कर तथा भन्सार छुटले प्रभावित व्यवसायको तत्कालीन नगद प्रवाह चापलाई केही राहत दिनेछ, कर विवरण/भुक्तानीको म्याद थपले साना करदातालाई ब्याज तथा जरिवानाबाट जोगाउँछ र अनुपालन लागत घटाउँछ। ह्रासयोग्य सम्पत्तिको मर्मत खर्च पूर्ण कट्टीले प्रभावित व्यवसायको कर योग्य आय यथार्थ परक बनाउँछ। ऋण पुनर्संरचना र ब्याज सहुलियतले साना तथा मझौला उद्यम लाई ऋण गैर-सञ्चालित कर्जा (ल्एी) बन्नबाट जोगाउन सक्छ, जसले बैंकिङ क्षेत्रको स्थायित्वमा समेत टेवा पुर्‍याउँछ। समग्रमा भन्दा, प्रकोप घटेको दुई सातामै मन्त्रिपरिषदस्तरबाट यति विस्तृत बहुनिकाय समन्वयात्मक प्याकेज ल्याउनु सरकारको तत्परताको सूचक पनि हो।

*सीमा र चुनौती*

यो राहत प्याकेज "पहिलो चरण" मात्र भएकाले थप विस्तृत क्षति आँकलन नभएसम्म वास्तविक पुनर्निर्माण लागत र दिगो पुनरुत्थान योजना अस्पष्ट छ। कर छुट लाभ लिन क्षति प्रमाणीकरण, अनुमानित आय विवरण दाखिला जस्ता प्रक्रियागत अवरोध हुन सक्छन्, जसले वास्तविक लाभग्राहीको दायरा साँघुरो बनाउन सक्छ। राजस्व संकलनमा अल्पकालीन कमी हुने भएकाले सरकारको आन्तरिक स्रोत परिचालनमा दबाब पर्न सक्छ, जुन विपद राहत खर्च बढिरहेको बेला थप चुनौतीपूर्ण हुन्छ। सबैभन्दा महत्वपूर्ण कुरा, नेपाल-चीन व्यापार नाका लामो समय बन्द रहनु र जलविद्युत निर्यात अवरुद्ध हुनुले कर राहतले मात्र धान्न नसक्ने संरचनागत क्षति देखाउँछ कि यसका लागि छुट्टै पूर्वाधार पुनर्निर्माण लगानी आवश्यक पर्छ।

यसबाहेक, राहत प्याकेजमा उल्लिखित धेरै सुविधा 'निवेदन दिएपछि मात्र पाइने' प्रकृतिका भएकाले सूचना नपुगेका वा प्रक्रिया थाहा नभएका दूरदराजका साना व्यवसायीले यसको पूर्ण लाभ लिन नसक्ने जोखिम पनि उत्तिकै वास्तविक छ। स्थानीय तहमा राहत प्याकेजबारे सक्रिय जानकारीमूलक अभियान नचलाएसम्म यो प्याकेज कागजमै सीमित रहने सम्भावना रहन्छ।

घर भत्किएर व्यापार व्यवसाय चौपट भएको अवस्थामा यस्तो राहत दिनु आवश्यक नै हो, तर पुल र बाटो बनाउनु उत्तिकै जरुरी देखिन्छ, जसले गर्दा आगामी दिनमा पुँजीगत खर्च झन् बढ्ने देखिन्छ। यसैले रसुवा, धादिङ र नुवाकोटतर्फको बजेट अलिक बढाउनुपर्ने आवश्यकता देखिन्छ। भाषणमा मात्र होइन, व्यवहारमा पनि विकास देखिनुपर्छ कि घोषणा र वास्तविक कार्यान्वयन बीचको खाडल कम गर्नु सरकारको दायित्व हो। यसका साथै चीन र भारतसँगको कूटनीतिक पक्षमा पनि ध्यान दिन जरुरी छ, किनभने सीमा नाका र ऊर्जा व्यापार दुवै छिमेकी मुलुकहरूसँगको सम्बन्धमा निर्भर छन्। देशलाई कसरी विकास गर्ने भन्ने एउटा स्पष्ट खाका नै बनाउनुपर्ने देखिन्छ, ताकि यस्ता प्रकोपपछिको पुनरुत्थान छरिएर नभई योजनाबद्ध ढंगले अगाडि बढ्न सकियोस्।

देशको अर्थतन्त्र चलायमान बनाइराख्नु नै आजको प्राथमिक आवश्यकता हो, र व्यापारीलाई आत्मविश्वास दिनु पनि सरकारकै दायित्व हो। व्यवसायी उत्साहित नभई लगानी र रोजगारी दुवै अघि बढ्दैन।

*आगामी बाटो के ?*

माथिका विश्लेषणका आधारमा केही ठोस कदमहरूमा तत्काल ध्यान दिनु उपयुक्त देखिन्छ। पहिलो, विस्तृत क्षति आकलन चाँडोभन्दा चाँडो पूरा गरी दोस्रो चरणको यथार्थपरक पुनर्निर्माण योजना सार्वजनिक गर्नुपर्छ, ताकि व्यवसायी र लगानीकर्ताले भविष्यको योजना बनाउन सकून्। दोस्रो, कर तथा भन्सार छुट लिनका लागि आवश्यक कागजात र प्रक्रिया एकद्वार प्रणाली मार्फत सरल बनाइनुपर्छ, र स्थानीय तहसम्मै यसबारे सक्रिय सूचना पुर्‍याइनुपर्छ। तेस्रो, रसुवागढी-केरुङ नाका र सम्बन्धित सडक पूर्वाधारको पुनर्निर्माणलाई प्राथमिकता दिँदै दिगो डिजाइनमा लगानी बढाउनुपर्छ, किनकि पटक-पटक भत्किने पूर्वाधारमा गरिने पुनर्निर्माण दीर्घकालमा बढी महँगो सावित हुन्छ। चौथो, बैंक तथा बीमा कम्पनीहरूले दिइएको सहुलियतको वास्तविक कार्यान्वयन अनुगमन गर्न राष्ट्र बैंक र बीमा प्राधिकरणले छुट्टै अनुगमन प्रणाली संयन्त्र बनाउनुपर्छ, ताकि घोषणा र व्यवहारबीचको खाडल पत्ता लगाई तत्काल सच्याउन सकियोस्।

रसुवा (भोटेकोशी) बाढीले नेपालको सीमा व्यापार, ऊर्जा निर्यात र पूर्वाधारमा गम्भीर आर्थिक क्षति पुर्‍याएको छ, जसको प्रारम्भिक पुनर्निर्माण लागत करिब ५ अर्ब डलर पुग्ने अनुमान छ। सरकारले ल्याएको भन्सार तथा कर छुट, म्याद थप, ऋण पुर्नसंरचना र बीमा भुक्तानी सहजीकरण जस्ता उपायहरू अल्पकालीन राहतका लागि उपयोगी देखिन्छन्, तर दीर्घकालीन आर्थिक पुनरुत्थानका लागि विस्तृत क्षति आकलन, पूर्वाधार पुनर्निर्माणमा ठोस लगानी र प्रक्रियागत सरलीकरणमा थप ध्यान दिनु आवश्यक देखिन्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# दशैं नजिकिँदै, बजार अनुगमन शून्य !

दशै नजिकै छ। असोज २५ गते घटस्थापना छ। दशैका निम्ति व्यापारीहरुले चीनबाट सामान ओसारपसार गरिरहेका थिए। यही भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको बाढीले सामान बोकेका कन्टेनर बगायो। सडक संरचना ध्वस्त छ। दशैंअगाडि त्यो बाटो बन्ने सम्भावना निकै कम छ। यता, तातोपानी नाका पनि बन्द भइसकेको छ।

जोखिम देखाउँदै चिनियाँ पक्षले नाका बन्द गरेको हो। योसँगै बजार भाउ आकाशिएको छ। यो दशैंमा नयाँ सामान नआउने पक्कापक्की छ। त्यसैले व्यापारीले स्टकका सामान महँगोमा बेच्न थालेका छन्। एकाध वर्षअघि ल्याएको तर नबिकेको सामान महँगो रेटमा खुद्रा व्यापारीलाई बेच्ने काम भइरहेको छ।

पहिले नबिकेका सामानहरु सकाउने अवसर आएको छ व्यापारीलाई। खुद्रा पसलेले त्यही सामान आफ्नो पसलमा ल्याएर ग्राहकलाई बेचिरहेका छन्। होलसेल व्यापारीहरुले सामानको मूल्य ह्वात्तै बढेको बताइरहेका छन्। पहिले एक सयमा पाउने सामान पाँच सय पर्न थालेको व्यापारीहरुको गुनासो छ।

व्यापारीले आफ्नो पसलमा ल्याएर ग्राहकलाई बेच्ने भाउ अझै महँगो छ तर पसलेले भ्याट बिल दिँदैनन्। न होलसेलले खुद्रा व्यापारीलाई भ्याट बिल दिन्छ न खुद्रा व्यापारीले होलसेललाई। व्यापारीहरु पुरानो सामान बेचेर पनि नाफा कमाइरहेका छन्, सर्वसाधारण र राज्य मारमा परेका छन्।

बाढीको बहानामा आम उपभोक्ताले चर्को मूल्य तिर्नुपरेको छ भने राज्यले पनि कर नपाइरहेको अवस्था छ। दशैमा सबैभन्दा बढी खपत हुने खसीको मासुको भाउ पसलैपिच्छे फरक छ। कतिपय पसलेले खसी भनेर बाख्रा बेचिरहेका छन्। हालै प्रहरीले खसी भनेर बाख्राको मासु बेच्नेलाई समातेको खबर सार्वजनिक भएको छ।

किसानबाट पाँच सय रुपियाँ किलोमा जिउँदो खसी किनेर ल्याएर मासु पसलेले प्रतिकिलो १५ सयदेखि १९ सयमा बेचिरहेका छन्। बीचमा बसेर बाठाटाठा खाइरहेको अवस्था छ। यसपालिको दशैंमा भाउ बढाउन मासु पसलेले अझ राम्रो बहाना पाएका छन्, बाढी। बाढीको कारण खसी नआएको भन्दै मासु पसलेले भाउ झनै बढाउने निश्चित छ।

यता, मासु पसलले बिल पनि दिँदैनन्। तरकारीमा पनि त्यस्तै छ। किसानबाट पाँच रुपियाँ किलोमा ल्याएको तरकारीहरु डेढ सयमा बिक्री गरिरहेका छन्। न उपभोक्ताले बिल पाउँछन् न किसानले। देशभर बाढी अगावैदेखि ग्याँसको चरम अभाव थियो। अहिले त सरकारदेखि उद्योगीले बाढीको बहाना पाएका छन्।

> *ग्याँस सहज नपाउँदा बजारमा कालोबजारी भइरहेको छ। चर्को दर तिर्नेले मात्र ग्यास पाइरहेको अवस्था छ तर कसले बजार अनुगमन गर्ने ? बजार अनुगमन गर्ने निकाय कहाँ छ ? सरकारलाई थाहा होला। जनताले देखेका छैनन्। न बजार अनुगमन हुन्छ, न कालोबजारी गर्नेलाई कारबाही।*
>
> *पसलेहरु ड्यामेज भएको सामान भिडाउँछन्, साट्न जाँदा पैसा रिफण्ड गर्दैनन्। दशैं ढोकामा आइसक्यो तर सरकारले अग्रिम टिकट खुलाएको छैन। बाढीले ठाउँठाउँमा बाटो बिग्रिएको छ। दशैंमा चाप हुँदा बाटो झन् बिग्रिन्छ। सरकारले अग्रिम टिकट खोलिदिने हो भने बेरोजगार भएका, छुट्टी भएकाहरु घर फर्किँदै गर्थें।*



**अनुसा थापा**

ग्याँस सहज नपाउँदा बजारमा कालोबजारी भइरहेको छ। चर्को दर तिर्नेले मात्र ग्यास पाइरहेको अवस्था छ तर कसले बजार अनुगमन गर्ने ? बजार अनुगमन गर्ने निकाय कहाँ छ ? सरकारलाई थाहा होला। जनताले देखेका छैनन्। न बजार अनुगमन हुन्छ, न कालोबजारी गर्नेलाई कारबाही।

पसलेहरु ड्यामेज भएको सामान भिडाउँछन्, साट्न जाँदा पैसा रिफण्ड गर्दैनन्। दशैं ढोकामा आइसक्यो तर सरकारले अग्रिम टिकट खुलाएको छैन। बाढीले ठाउँठाउँमा बाटो बिग्रिएको छ। दशैंमा चाप हुँदा बाटो झन् बिग्रिन्छ। सरकारले अग्रिम टिकट खोलिदिने हो भने बेरोजगार भएका, छुट्टी भएकाहरु घर फर्किँदै गर्थें।

यातायात व्यवसायी कसरी भाडा बढाऊँ ? भनी दाउ हेरेर बसिरहेका छन्। बाढी देखाएर यातायात व्यवसायीले यसपालि सरकारलाई भाडा बढाउन लगाउँछन्। अनि दशैंमा फेरि नागरिक मर्कामा पर्छन्। दशैंको बेलामा यातायात व्यवसायीको ठगीधन्दा नै चल्छ। तोकिएकोभन्दा दोब्बर-तेब्बर भाडा तिर्नु यातायात व्यवसायीको नियति नै बन्छ।

यता, प्लेन भाडा पनि बढ्छ। अहिलेको सरकारलाई पूर्वयोजना भनेको थाहा नभएको हो कि भएर पनि बुझ्पचाएको ? हरेक वर्ष दशैंमा सवारी दुर्घटना भएर सयौंले ज्यान गुमाउँछन्। खुसी मनाउन हिँडेकाको परिवारमा एकाएक दुःख छाउँछ। दशैंमा दुर्घटना बढ्नुको कारण हो-थोत्रा सवारी चलाउनु।

२० वर्ष कटेका, प्राविधिक चेकजाँच नगरिएका सवारी साधनहरु दशैंमा गुड्छन्। थोत्रा गाडीमा सिटभन्दा बढी यात्रु हालेर लगिन्छ। यो वर्षपनि त्यहीँ दोहोरिने निश्चय नै छ। गाडीको प्राविधिक चेकजाँच अहिलेसम्म शुरु भएको छैन। यातायात व्यवसायीले फेरि त्यहीँ थोत्रा गाडी गुडाउँछन् अनि यात्रुलाई भीरबाट खसालेर मर्छन्।

बजार अनुगमन गर्न उद्योग मन्त्रालय छ। गाडीको प्राविधिक चेकजाँच गर्न, अग्रिम टिकट खुलाउन पूर्वाधार विकास मन्त्रालय र प्लेन भाडा तोक्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय छ। सम्बन्धित मन्त्रालयले आफ्ना मातहतका निकायसहित बैठक बोलाउनुपर्ने हो।

छलफल गरेर तयारीमा जुट्नुपर्ने हो। मन्त्री र कर्मचारी कहाँ छन् ? खोज्नुपर्ने भएको छ। उद्योगमन्त्री गौरीकुमारी यादव बजार अनुगमन भइरहेको छ भन्छिन्, तर कहाँ भइरहेको छ ? थाहा छैन। पूर्वाधारमन्त्री सुनिल लम्साल विवादास्पद अभिव्यक्ति दिनबाहेक केही जान्दैनन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेलले केही काम गरेकै देखिएको छैन। भन्नलाई सबै निकायबाट काम भइरहेको छ तर भएको कतै देखिँदैन। महँगी, कालोबजारी बढेको छ तर श्रमिकले न्यूनतम पारिश्रमिकसमेत नपाएको विडम्बनापूर्ण अवस्था छ।

सरकारले न्यूनतम तलब २१ हजार पाँच सय रुपियाँ तोकेको छ। तर, अधिकांश पाँचदेखि १५ हजार रुपियाँ मासिक तलबमा काम गर्न बाध्य छन्। त्योपनि समयमा पाइदिए त हुन्थ्यो। यो सरकार बन्नुअघि १९ सय पर्ने चामल २५ सय पुगेको छ। घरभाडा पनि बढेको छ। इन्धनको भाउ बढेको भन्दै सरकारले गाडीभाडा बढाएको छ।

गरिबले कसरी दशैं मान्ने ? हुनेखानेलाई त सँधै दशैं हो। नहुनेलाई दशैं दशा हो। एक किलो खसीको मासु त किनेर खान सकिन्न, के को दशैं ? दशैंमा पनि कामदारलाई काममा लगाइन्छ। दशैं पेश्की पनि दिइँदैन। त्यसैले चाडपर्व गरिबलाई होइन, हुनेखानेलाई मात्र हो। श्रमिकको हित, बजार अनुगमनका लागि थुप्रै कानून बनेका छन्।

कार्यान्वयन नभएको के काम ? कानून कागजको खोस्टो मात्रै बनेको छ। कानून बनायो, दराजमा थन्कायो, योभन्दा प्रगति हुन सकेको छैन। नागरिकले आफू मर्कामा परेको भनि उजुरी दिने ठाउँ छैन। उजुरी दिएर पनि कारबाही नभएको अवस्था छ। उजुरी आउनेबित्तिकै तुरुन्तै एक्सनमा जानु सरकारको दायित्व हो।

यद्यपि, सरकारले त्यसो गर्दैन। आएको उजुरी थन्काएर राख्छ। उजुरी पाउनेबित्तिकै राज्यले कारबाही गर्ने हो भने कालोबजारी, महँगी, ठगी नियन्त्रणमा आउँछ। व्यवसायीहरु कारबाहीमा पर्ने डरले लुट्न डराउँछन्। सरकारले बिल लिऊँ भनिरहँदा घरधनीदेखि यातायात व्यवसायीसम्मले नदिएको अवस्था छ।

त्यहाँ पनि सरकारको आँखा जान सकेको छैन। बालेन सरकार आएपछि महँगी घट्छ, कालोबजारी हट्छ भन्ने जनताको अपेक्षा थियो तर ठ्याक्कै विपरीत भयो।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**

यो साता मेष राशिका लागि नयाँ उत्साह र आत्मविश्वास बढ्ने समय छ। लामो समयदेखि रोकिएका कामले गति लिन सक्छन्। कामको सिलसिलामा नयाँ जिम्मेवारी आउन सक्छ, जसलाई अवसरका रूपमा उपयोग गर्नु लाभदायक हुनेछ। आर्थिक पक्ष सामान्य रहे पनि अनावश्यक खर्चले दबाब सिर्जना गर्न सक्छ। पारिवारिक व्यक्तिसँगको सम्बन्धमा भने केही मतभेद देखिए पनि संवादबाट समाधान निकाल्न सकिनेछ। प्रेम सम्बन्धमा सकारात्मक समाचार मिल्न सक्छ। यात्राको सम्भावना पनि देखिन्छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**

वृष राशिका लागि यो साता मेहनतको परिणाम प्राप्त हुने संकेत छ। व्यवसाय तथा जागिरमा आफ्नो क्षमता देखाउने अवसर मिल्नेछ। नयाँ काम सुरु गर्नुभन्दा पहिले आवश्यक तयारीमा ध्यान दिनु राम्रो हुनेछ। आर्थिक कारोबारमा विश्वासका भरमा निर्णय नगर्नुहोला। आफन्त वा साथीभाइबाट प्राप्त सुझाव उपयोगी हुन सक्छ। दाम्पत्य जीवनमा आपसी समझदारी बढ्नेछ। विद्यार्थीका लागि अध्ययनमा एकाग्रता बढ्ने समय हो। स्वास्थ्यमा खानपान र आरामप्रति ध्यान दिन आवश्यक छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**

मिथुन राशिका लागि यो साता सम्पर्क र सम्बन्ध विस्तारको समय बन्न सक्छ। नयाँ व्यक्तिसँगको भेटले भविष्यमा उपयोगी अवसरको ढोका खोल्न सक्छ। काममा केही अतिरिक्त जिम्मेवारी थपिए पनि त्यसले प्रतिष्ठा बढाउनेछ। आर्थिक लाभको सम्भावना छ, तर तत्काल ठूलो लगानी गर्न हतार नगर्नु राम्रो। प्रेम सम्बन्धमा पुरानो असमझदारी हट्ने संकेत छ। परिवारका ज्येष्ठ सदस्यको सुझावलाई बेवास्ता नगर्नुहोला। यात्रामा सामान्य सावधानी आवश्यक देखिन्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**

कर्कट राशिका लागि भावनाभन्दा व्यवहारलाई प्राथमिकता दिनुपर्ने साता हो। कार्यक्षेत्रमा आफ्नो निर्णय क्षमताको परीक्षा हुन सक्छ। सुरुवातमा केही कठिन देखिएका काम अन्ततः सहज बन्नेछन्। आर्थिक अवस्थामा क्रमिक सुधार आउनेछ। रोकिएको रकम प्राप्त हुने सम्भावना पनि छ। पारिवारिक वातावरणमा खुसीको समाचार आउन सक्छ। प्रेम सम्बन्धमा एकअर्काको भावनालाई बुझ्ने प्रयास गर्नुपर्छ। स्वास्थ्यमा मानसिक तनाव कम गर्न पर्याप्त आराम र सकारात्मक सोच आवश्यक छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**

सिंह राशिका लागि आत्मविश्वास र नेतृत्व क्षमता बलियो बन्ने समय छ। कार्यालय वा व्यवसायमा तपाईंको निर्णयलाई महत्व दिइनेछ। नयाँ जिम्मेवारीले व्यस्तता बढाए पनि त्यसको परिणाम सकारात्मक रहनेछ। आर्थिक पक्ष सबल बन्ने संकेत छ, तर आम्दानी बढ्यो भन्दै खर्च पनि बढाउने प्रवृत्ति रोक्नु आवश्यक छ। प्रेम सम्बन्धमा सुखद क्षण प्राप्त हुनेछ। सामाजिक क्षेत्रमा प्रतिष्ठा बढ्न सक्छ। पुराना साथीबाट महत्वपूर्ण सहयोग मिल्ने सम्भावना छ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**

कन्या राशिका लागि योजनाबद्ध ढंगले अघि बढे सफलता हात लाग्ने साता हो। अधुरा काम पूरा गर्न विशेष ध्यान दिनुहोला। काममा सानो गल्तीले अनावश्यक तनाव निम्त्याउन सक्ने भएकाले कागजी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनु राम्रो हुनेछ। विद्यार्थीका लागि अध्ययनमा राम्रो प्रगति हुनेछ। परिवारमा सामान्य खुसीको वातावरण रहनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। स्वास्थ्यमा थकान र निद्राको कमीले समस्या पार्न सक्ने भएकाले आरामलाई प्राथमिकता दिनुहोला।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**

तुला राशिका लागि यो साता नयाँ सम्भावनाहरूको ढोका खुल्नेछ। रोकिएको काम पुनः अघि बढ्न सक्छ। व्यवसायीका लागि नयाँ ग्राहक वा नयाँ सम्पर्क लाभदायक बन्न सक्छ। आर्थिक कारोबारमा अपेक्षाभन्दा राम्रो परिणाम प्राप्त हुन सक्छ। पारिवारिक निर्णयमा सबैको विचार सुन्नु उचित हुनेछ। प्रेम सम्बन्धमा मिठास बढ्नेछ। लामो समयदेखि भेट नभएका व्यक्तिसँग भेट हुने योग छ। यात्रा गर्दा समय व्यवस्थापनमा ध्यान दिनुहोला।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**

वृश्चिक राशिका लागि चुनौतीसँगै अवसर पनि बोकेर आउने साता हो। कार्यक्षेत्रमा प्रतिस्पर्धा बढे पनि तपाईंको अनुभवले परिस्थितिलाई आफ्नो पक्षमा पार्न सक्छ। आर्थिक क्षेत्रमा सावधानीपूर्वक अघि बढ्नु राम्रो हुनेछ। अरूको भरमा ठूलो निर्णय लिनुभन्दा आफैंले तथ्य बुझ्नु आवश्यक छ। परिवारमा सानो विषयले विवादको रूप लिन सक्ने भएकाले संयमित बोली प्रयोग गर्नुहोला। प्रेममा शंका हटाएर खुला संवाद गर्न सके सम्बन्ध अझ बलियो बन्नेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**

धनु राशिका लागि अवसर पहिचान गर्ने समय हो। नयाँ योजना वा कामका लागि प्रस्ताव आउन सक्छ। तत्काल निर्णय गर्नुभन्दा त्यसका दीर्घकालीन प्रभावबारे सोच्नु राम्रो हुनेछ। आर्थिक लाभको सम्भावना भए पनि विलासिताका सामग्रीमा खर्च बढ्न सक्छ। विद्यार्थीका लागि मेहनतअनुसार राम्रो उपलब्धि हात पर्नेछ। पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ। प्रेम सम्बन्धमा सकारात्मक परिवर्तन आउन सक्छ। टाढाको यात्रा वा बाहिरी सम्पर्कबाट फाइदा हुने संकेत छ।

मकर (भो, जा, जि, खि, खु, खे, खो, गा, गि)


मकर राशिका लागि निरन्तर प्रयासको परिणाम देखिने साता हो। विगतमा गरेको मेहनतले अहिले लाभ दिन थाल्नेछ। जागिरमा जिम्मेवारी बढ्न सक्छ भने व्यवसायमा नयाँ सम्भावना देखिनेछ। आर्थिक रूपमा सुधारको संकेत भए पनि पुरानो दायित्व पूरा गर्न ध्यान दिनुपर्नेछ। परिवारका सदस्यबीचको सम्बन्धमा आत्मीयता बढ्नेछ। प्रेममा भावनात्मक निकटता बढ्नेछ। स्वास्थ्यका दृष्टिले कामको चापबीच पर्याप्त आराम लिनु आवश्यक छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**

कुम्भ राशिका लागि नयाँ सोचलाई व्यवहारमा उतार्ने अवसर मिल्नेछ। सिर्जनात्मक काम गर्नेहरूका लागि विशेष उपलब्धिको समय हो। कार्यक्षेत्रमा तपाईंको फरक दृष्टिकोणको प्रशंसा हुन सक्छ। आर्थिक रूपमा सामान्यभन्दा राम्रो स्थिति बन्नेछ। तर साथीभाइको आग्रहमा अनावश्यक खर्च नगर्नुहोला। प्रेम सम्बन्धमा सुखद संवाद हुनेछ। परिवारमा महत्वपूर्ण विषयमा तपाईंको भूमिका निर्णायक बन्न सक्छ। मानसिक शान्तिका लागि केही समय आफूलाई दिनु उपयोगी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**

मीन राशिका लागि यो साता भावनात्मक रूपमा महत्वपूर्ण रहनेछ। आफूले चाहेको काममा ढिलाइ भए पनि निराश हुनुपर्ने अवस्था छैन। क्रमिक रूपमा परिस्थिति आफ्नो पक्षमा आउनेछ। आर्थिक पक्षमा सामान्य सुधार देखिन्छ र रोकिएको कामबाट लाभ मिल्न सक्छ। परिवारका सदस्यबाट सहयोग प्राप्त हुनेछ। प्रेम सम्बन्धमा पुरानो गुनासो अन्त्य हुने सम्भावना छ। सामाजिक क्षेत्रमा नयाँ परिचय बन्न सक्छ। स्वास्थ्यमा पानी, खानपान र आराममा विशेष ध्यान दिनुहोला।

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाईँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।


न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्
स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला

आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।
सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी
तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ। त्यसका लागि
सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# लोककल्याणकारी विज्ञापनको रकम कटौती : नयाँ रणनीति ?

सरकारले स्वरोजगारमूलक छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि त्यसको प्रत्यक्ष असर केवल सञ्चार संस्थाको आम्दानीमा मात्र सीमित हुने देखिएको छैन। यसले प्रेसको आर्थिक आधार, पत्रकारको पेशागत सुरक्षा र नागरिकको सूचनाको अधिकारमाथि समेत गम्भीर प्रश्न खडा गरेको छ। सरकारले आर्थिक संकटबाट गुज्रिरहेका छापा माध्यमलाई राहत र संरक्षण दिनुपर्ने समयमा उल्टै उनीहरूको मुख्य आयस्रोतमा प्रहार गरेपछि नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले यसलाई सामान्य प्रशासनिक निर्णय नभई प्रेस स्वतन्त्रतासँग जोडिएको विषयका रूपमा लिएको छ।

२०८३ भदौ ५ गते शुक्रबार सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूबीच असन्तुष्टि चुलिएको हो। त्यसको प्रतिवादमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारलाई निर्णय तत्काल फिर्ता लिन चेतावनी दिँदै माग पूरा नभए चरणबद्ध आन्दोलनमा जाने घोषणा गरिसकेको छ। शाखाले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णयले विशेषगरी दैनिक, साप्ताहिक, पाक्षिक र मासिकलगायत साना लगानी तथा स्वरोजगारमूलक पत्रपत्रिकाको अस्तित्वमाथि नै संकट उत्पन्न गर्न सक्ने जनाएको छ।

यसै विषयमा काठमाडौं शाखाले विभिन्न छापा माध्यमका सम्पादक तथा प्रकाशकसँग राय-सुझाव संकलन गरेपछि दामोदरप्रसाद दवाडीको संयोजकत्वमा 'छापा माध्यम बचाउ सुझाव कार्यदल' गठन गरेको थियो। कार्यदलमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी, देवेन्द्र चुडाल र कल्पना खड्का सदस्य रहेका छन्। कार्यदलले गरेको अध्ययन, छलफल र प्राप्त सुझावका आधारमा सरकारको निर्णय सच्याउन दबाब दिने मात्र होइन, आवश्यक परे आन्दोलनमा जाने स्पष्ट खाका अघि सारेको छ।

कार्यदलको निष्कर्षमा सबैभन्दा महत्वपूर्ण माग लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि २०८३ मा गरिएको पहिलो संशोधन पूर्ण रूपमा खारेज गर्नुपर्ने रहेको छ। कार्यदलले समय, बजार मूल्य, मुद्रण लागत, कागज तथा वितरण खर्चलगायतका आधारमा लोककल्याणकारी विज्ञापनको रकम कटौती होइन, बरु समयअनुकूल पुनरावलोकन गरी दोब्बर गर्नुपर्ने माग अघि सारेको छ। यसले सरकारको वर्तमान नीतिमाथि एउटा आधारभूत प्रश्न उठाएको छ। छापा माध्यमको लागत निरन्तर बढिरहेका बेला राज्यले दिने संस्थागत सहयोग घटाउनुको औचित्य के हो ?

लोककल्याणकारी विज्ञापनलाई सरकारले कुनै राजनीतिक दल, मन्त्री वा सरकारको व्यक्तिगत कृपाजस्तो व्यवहार गर्नु नै समस्या भएको सञ्चार क्षेत्रको निष्कर्ष छ। सार्वजनिक सूचना नागरिकसम्म पुऱ्याउने काम राज्यको दायित्व हो। त्यसका लागि सञ्चारमाध्यमले आफ्नो पूर्वाधार, जनशक्ति, सम्पादकीय संयन्त्र र वितरण प्रणाली प्रयोग गर्छन्। त्यसैले सार्वजनिक सूचना प्रकाशन गरेबापत राज्यले उपलब्ध गराउने रकमलाई 'अनुदान' वा 'कृपा' को भाषामा बुझ्नु नै गलत हुने।

अझ गम्भीर प्रश्न त के हो भने सरकारका नीति र निर्णयमाथि प्रश्न उठाउने, आलोचना गर्ने र नागरिकका पक्षमा खबरदारी गर्ने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने नीति कतै अप्रत्यक्ष नियन्त्रणको माध्यम त बनिरहेको छैन ?काठमाडौं शाखाको आरोप छ। सरकारले सञ्चारमाध्यमलाई संरक्षण र प्रोत्साहन गर्नुपर्ने अवस्थामा उल्टै आर्थिक संकट थप गहिरो बनाउने निर्णय गरेको छ। विशेषगरी ठूला व्यावसायिक घराना वा पर्याप्त वैकल्पिक आम्दानी भएका सञ्चारगृहभन्दा सीमित लगानी, आफ्नै श्रम र पेशागत प्रतिबद्धताका आधारमा सञ्चालित पत्रपत्रिकामाथि यसको असर बढी पर्न सक्छ। एउटा साप्ताहिक वा पाक्षिक पत्रिका बन्द हुनु केवल एउटा पत्रिका बन्द हुनु होइन, त्यससँग जोडिएका पत्रकार, कर्मचारी, वितरक, मुद्रक र पाठकको सूचना पहुँचमा समेत असर पर्नु हो।

यही वास्तविकतालाई ध्यानमा राख्दै कार्यदलले संशोधित कार्यविधि खारेज नभएसम्म कटौती गरिएको रकमअनुसार छापा माध्यमले बिल नबुझाउने वातावरण बनाउन नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई आग्रह गर्ने सुझाव दिएको छ। महासंघले देशभरका छापा माध्यमसँग समन्वय गरी सामूहिक दबाब सिर्जना गर्नुपर्ने कार्यदलको निष्कर्ष छ।

कार्यदलले विज्ञापन बोर्डको भूमिकामाथि समेत प्रश्न उठाएको छ। सञ्चारमाध्यमलाई विज्ञापन बोर्डमा सूचीकरण गराउने व्यवस्था तत्काल हटाउनुपर्ने तथा लोककल्याणकारीलगायत सम्पूर्ण विज्ञापनबाट बोर्डले कटाउँदै आएको ३ प्रतिशत रकम खारेज गर्नुपर्ने माग अघि सारिएको छ। सञ्चारमाध्यमको आर्थिक अवस्था कमजोर भइरहेका बेला विज्ञापनको रकमबाट थप प्रशासनिक कटौती गर्नुको औचित्यमाथि कार्यदलले प्रश्न उठाएको हो।

त्यस्तै राष्ट्रिय समाचार समिति (रासस) बाट प्रकाशित समाचार बुलेटिनको मूल्यमा गरिएको ठूलो वृद्धि पनि छापा माध्यमका लागि अर्को आर्थिक भार बनेको कार्यदलको ठहर छ। समाचार सामग्री सञ्चारमाध्यमलाई न्यूनतम र व्यवहारिक मूल्यमा समाचार बुलेटिन उपलब्ध गराउनुपर्ने माग कार्यदलले अघि सारेको छ। राज्यका सञ्चार संरचनाले नै निजी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई अतिरिक्त आर्थिक बोझ थप्ने हो भने सञ्चार क्षेत्रको संरक्षणसम्बन्धी सरकारी प्रतिबद्धता कागजमै सीमित हुने देखिन्छ।

सरकारको सञ्चार नीति र व्यवहारबीचको विरोधाभास पनि यहीँ देखिन्छ। एकातिर सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्छ, अर्कोतिर सरकारी विज्ञापन तथा सार्वजनिक सूचनामा निजी क्षेत्रका सञ्चारमाध्यमलाई निषेध गर्ने प्रयास हुन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवस्तरीय निर्णयमार्फत निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने प्रयास सर्वोच्च अदालतबाट खारेज भइसकेको अवस्थामा त्यसको मर्मविपरीत कार्यविधि संशोधनमार्फत अप्रत्यक्ष बन्देज लगाउने प्रयास स्वीकार्य नहुने कार्यदलको निष्कर्ष छ।

अदालतको आदेशपछि पनि नीतिगत बाटोबाट त्यही उद्देश्य प्राप्त गर्न खोजिन्छ भने त्यो लोकतान्त्रिक शासन व्यवस्थाका लागि गम्भीर प्रश्न हो। प्रशासनिक निर्णय बदलेर अदालतको आदेशको भावनालाई निष्प्रभावी बनाउने अभ्यास लोकतान्त्रिक शासन प्रणालीको मूल मर्मसँग मेल खाँदैन। सरकार सञ्चारमाध्यमप्रति जवाफदेही हुनुपर्ने हो, सञ्चारमाध्यमलाई आफ्नो नियन्त्रणमा राख्ने होइन।

सरकारी विज्ञापन वितरणमा देखिएको अर्को समस्या विभेद र अपारदर्शिता हो। कार्यदलले समानुपातिक विज्ञापन प्रणाली लागू गर्नुपर्ने माग गरेको छ। सञ्चारमाध्यमको पहुँच, लगानी, प्रसार, प्रकाशनको नियमितता र अन्य वस्तुगत आधारलाई ध्यानमा राखेर पारदर्शी मापदण्ड बनाउन सकिने भए पनि राजनीतिक पहुँच, निकटता वा प्रशासनिक निर्णयका आधारमा विज्ञापन वितरण हुने अवस्था अन्त्य गर्नुपर्ने आवाज उठेको छ।

लोककल्याणकारी विज्ञापनको रकम कटौतीको विरोधमा काठमाडौं शाखाले तत्काल आन्दोलनमा जानेभन्दा पहिले संवाद र दबाबको बाटो अपनाउने रणनीति अघि सारेको छ। कार्यदलले सूचना तथा सञ्चार मन्त्रीलाई निश्चित समयसीमा तोकेर ज्ञापनपत्र बुझाउने, सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्ने तथा माग सम्बोधनका लागि दबाब सिर्जना गर्ने सुझाव दिएको छ। त्यसबाट पनि समस्या समाधान नभए विज्ञापन बोर्डमा तालाबन्दीलगायत भौतिक आन्दोलनका कार्यक्रम अघि बढाउनुपर्ने प्रस्ताव गरिएको छ।

यो रणनीतिले सरकारलाई एउटा स्पष्ट सन्देश दिएको छ। सञ्चार क्षेत्र अब आफ्नो अस्तित्वमाथि हुने आर्थिक प्रहारलाई सामान्य प्रशासनिक निर्णयका रूपमा स्वीकार गर्ने अवस्थामा छैन। लामो समयदेखि आर्थिक संकट झेलिरहेका सञ्चारमाध्यमका लागि लोककल्याणकारी विज्ञापन धेरै अवस्थामा नियमित प्रकाशनलाई निरन्तरता दिने आधार बनेको छ। त्यसमा कटौती हुँदा मुद्रण, कागज, कर्मचारी पारिश्रमिक, वितरण तथा कार्यालय सञ्चालनको खर्च धान्न कठिन हुने जोखिम बढ्छ।

यसको प्रत्यक्ष असर पत्रकारको रोजगारीमा पर्न सक्छ। सञ्चार संस्था आर्थिक रूपमा कमजोर भएपछि पहिलो असर जनशक्ति कटौतीमा पर्न सक्छ। त्यसपछि प्रकाशनको नियमितता प्रभावित हुन्छ, पृष्ठ संख्या घट्छ, पारिश्रमिक रोकिन सक्छ र अन्ततः संस्था बन्द हुने अवस्था आउन सक्छ। त्यसैले लोककल्याणकारी विज्ञापनको रकम कटौतीलाई केवल 'विज्ञापनको रकम घटेको' विषयका रूपमा हेर्नु वास्तविक समस्याबाट भाग्नु हो।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारलाई दिएको चेतावनी पनि यही कारण अर्थपूर्ण छ। शाखाले निर्णय नसच्याए देशभरका पत्रकार, सम्पादक, प्रकाशक, सञ्चारमाध्यम तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर संघ-संस्थासँग समन्वय र सहकार्य गरी चरणबद्ध तथा सशक्त आन्दोलन सञ्चालन गर्ने जनाएको छ। आन्दोलनबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सरकार स्वयंले लिनुपर्ने चेतावनीसमेत दिइएको छ।

अब सरकारसामु दुई विकल्प छन्। पहिलो– सञ्चार क्षेत्रबाट उठेको गम्भीर आवाजलाई बेवास्ता गर्दै कटौतीको निर्णय कार्यान्वयन गर्ने र त्यसबाट उत्पन्न हुने असन्तुष्टिलाई आन्दोलनका रूपमा सामना गर्ने। दोस्रो– निर्णय पुनरावलोकन गरी संवादमार्फत समस्या समाधान गर्ने र स्वरोजगारमूलक सञ्चारमाध्यमलाई बचाउने दीर्घकालीन नीति बनाउने। लोकतान्त्रिक सरकारका लागि दोस्रो विकल्प नै स्वाभाविक र जिम्मेवार विकल्प हो।

सरकारले बुझ्नुपर्ने कुरा के हो भने प्रेसलाई आर्थिक रूपमा कमजोर बनाएर राज्य बलियो हुँदैन। आलोचनात्मक आवाज दबाएर लोकतन्त्र बलियो हुँदैन। सरकारी विज्ञापनलाई नियन्त्रणको औजार बनाएर नागरिकको सूचनाको अधिकार सुरक्षित हुँदैन। बरु स्वतन्त्र, सबल र आर्थिक रूपमा टिकाउ सञ्चारमाध्यम लोकतन्त्रको सुरक्षाकवच हुन्।

त्यसैले अहिलेको प्रश्न केवल लोककल्याणकारी विज्ञापनको केही रकम घटाउने वा नघटाउने भन्ने होइन। प्रश्न राज्यले स्वतन्त्र प्रेसलाई साझेदारका रूपमा हेर्छ कि नियन्त्रण गर्नुपर्ने क्षेत्रका रूपमा ? प्रश्न सरकार नागरिकलाई सूचना दिने सञ्चारमाध्यमको संरक्षण गर्न चाहन्छ कि आर्थिक रूपमा कमजोर बनाएर उसको प्रभाव सीमित गर्न चाहन्छ ? सबैभन्दा महत्वपूर्ण प्रश्न लोकतन्त्रको चौथो अंगलाई बलियो बनाउने कि सरकारी निर्णयको विरोध गर्न नसक्ने आर्थिक रूपमा निर्भर प्रेस निर्माण गर्ने ? यी प्रश्नको जवाफ सरकारले व्यवहारबाट दिनुपर्ने समय आएको छ।

लोककल्याणकारी विज्ञापन कुनै सरकारको दया होइन। यो सार्वजनिक सूचना प्रवाह गर्ने सञ्चारमाध्यमको संस्थागत भूमिकाप्रति राज्यको दायित्व हो।


रमेश कुमार बोहोरा

त्यसैले कटौती गरिएको रकम फिर्ता गर्नु मात्र पर्याप्त हुँदैन। कार्यविधि पुनरावलोकन गरी समयअनुकूल विज्ञापन रकम वृद्धि गर्नुपर्ने, समानुपातिक र पारदर्शी विज्ञापन प्रणाली लागू गर्नुपर्ने, विज्ञापन बोर्डको ३ प्रतिशत कटौती अन्त्य गर्नुपर्ने, निजी सञ्चारमाध्यमलाई सरकारी सूचनाबाट निषेध गर्ने कुनै पनि अप्रत्यक्ष नीति रोक्नुपर्ने र राससको बुलेटिन शुल्कलाई व्यवहारिक बनाउनुपर्ने आवश्यकता छ। सरकारले अझै पनि समयमै संवाद र समाधानको बाटो रोज्न सक्छ। अन्यथा आज लोककल्याणकारी विज्ञापनको रकमबाट सुरु भएको असन्तुष्टि भोलि प्रेस स्वतन्त्रता, पत्रकारको रोजगारी र नागरिकको सूचनाको अधिकारको व्यापक आन्दोलनमा परिणत हुन सक्छ।

सञ्चारमाध्यमलाई कमजोर पारेर सत्ता बलियो बनाउन खोज्ने कुनै पनि नीति अन्ततः लोकतन्त्रकै लागि महँगो साबित हुन्छ। त्यसैले सरकार तत्काल निर्णय फिर्ता लेओस्, संशोधित कार्यविधि खारेज गरोस् र छापा माध्यम बचाउने दीर्घकालीन नीति अघि सारोस्। अन्यथा सरकारको यो निर्णय इतिहासमा केवल एउटा विज्ञापनको रकम कटौतीको निर्णयका रूपमा होइन, स्वतन्त्र प्रेसको आर्थिक आधार कमजोर पार्ने विवादास्पद नीतिका रूपमा दर्ज हुन सक्नेछ।

*(लेखक नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)*

# प्रोटोनद्वारा दुई लाख रिङ्गिट बराबरका ड्रोन सहयोग

काठमाडौं/ मलेसियाली अटोमोबाइल कम्पनी प्रोटोनले नेपाललाई करीब दुई लाख रिङ्गिट बराबरको ड्रोन सहयोग उपलब्ध गराएको छ। रसुवास्थित भोटेकोशीमा हालै आएको बाढी र त्यसबाट प्रभावित नेपालको मानवीय तथा विपद् व्यवस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त ड्रोन नेपाल सरकारलाई सहयोग गरेको हो।

विपद्का बेला प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिन तथा उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्ने उद्देश्यले ड्रोन उपलब्ध गराइएको प्रोटोनले जनाएको छ। विशेषगरी सडकमार्गबाट तत्काल पुग्न कठिन वा जोखिमपूर्ण स्थानको हवाई निरीक्षण गर्न ड्रोन उपयोगी हुने कम्पनीले जनाएको छ।

मलेसियाको राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी नाडमा (एनएडिएमए) ले यसको व्यवस्थापन तथा समन्वय गरेको हो। कम्पनीका अनुसार, ड्रोनहरू शुरुमा मलेसियास्थित स्पेसल मलेसिया डिजास्टर असिस्टेन्स एन्ड रेस्क्यु टिम स्मार्ट (एसएमएआरटि) को मुख्यालयमा नाडमा (एनएडिएमए) लाई हस्तान्तरण गरिएका थिए। मलेसियाको मानवीय सहायता तथा विपद् उद्धार अभियानअन्तर्गत हाल नेपालमा खटिएको स्मार्ट (एसएमएआरटि) को टोली द्वारा ड्रोन नेपालसम्म ल्याउने व्यवस्था मिलाइएको थियो। यी ड्रोन नेपाल सरकारका लागि प्रदान गरिएका र नेपाल सरकारकै स्वामित्वमा रहने पनि उल्लेख गरिएको छ।

ड्रोन हस्तान्तरण समारोहमा प्रोटोन इन्टरनेसनल कर्पोरेसनका प्रमुख कार्यकारी अधिकृत एडमन्ड लिम मेङ थोङ र नाडमा (एनएडिएमए) का महानिर्देशक दातो मियर इसमाइल बिन मियर अकीमको उपस्थिति रहेको थियो। उक्त हस्तान्तरण कार्यक्रममा मलेसियाको विदेश मन्त्रालयका प्रतिनिधिहरू चु ह्वाई जेङ, र इन्चिक जुल इज्बान हम्जाको पनि सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा प्रोटोनका प्रमुख कार्यकारी अधिकृत एडमन्डले विपद्का बेला प्रभावित क्षेत्रको स्पष्ट अवस्थाबारे जानकारी लिन ड्रोनले महत्वपूर्ण सहयोग पुऱ्याउने बताए। उनका अनुसार हालको मानवीय सहयोगसँगै यसले नेपालको दीर्घकालीन विपद् व्यवस्थापन क्षमता अभिवृद्धिमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। नेपालमा प्रयोग गर्नुअघि स्मार्ट (एसएमएआरटि) को टोलीले सम्बन्धित नेपाली निकायका कर्मचारीलाई ड्रोन सञ्चालनसम्बन्धी आवश्यक तालिम दिइने पनि उनले बताए।

नेपालमा प्रोटोन ई.मास ब्रान्डको आधिकारिक वितरक जगदम्बा मोटर्समार्फत प्रोटोन नेपालमा आएको हो भने हाल नेपालमा प्रोटोन ब्रान्डको लोकप्रियता पनि निरन्तर बढ्दै गएको छ। प्रोटोनले यस्ता विपद् तथा कठिन परिस्थितिमा नेपालीहरूसँग ऐक्यबद्धता जनाउँदै स्थानीय समुदायलाई सहयोग गर्ने प्रतिबद्धता पनि दोहोऱ्याएको छ।

यसैगरी जगदम्बा मोटर्सले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा चार करोड रुपियाँ नगद योगदान गर्दै विपदको घडीमा नेपालप्रति आफ्नो प्रतिबद्धता जनाएको छ, साथै अन्य जिन्सी सहयोगहरू पनि गरिरहेको छ। प्रोटोन र जगदम्बा मोटर्सबीचको सहकार्यले चुनौतीपूर्ण समयमा नेपालीको साथ उभिने र राष्ट्रिय राहत तथा पुनरुत्थानमा योगदान पुऱ्याउने साझा प्रतिवद्धता झल्काउने बताइएको छ।

प्रोटोन र शंकर ग्रुपको सहयोगले सकारात्मक र अर्थपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ। यो पहलले विशेष गरी प्राकृतिक प्रकोपपछि ठोस प्रभाव पार्नको लागि सहयोग विस्तार गर्ने संस्थाहरूको फराकिलो विश्वास र समुदायप्रतिको प्रतिबद्धतालाई पुष्टि गर्दछ।



दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्कः मनिषजी मो.नं.९८५१३६०६२१

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# रसुवा बाढीबाट पाठ सिक्ने कि क्षति भोग्ने, सरकार ?

**रुषा थापा**

पछिल्लो समय बजारमा व्यापक चर्चा छ कि काठमाडौं उपत्यका छिट्टै भासिने पो हो कि ! चिया पसलदेखि सार्वजनिक स्थलसम्म यही कुरा भइरहेको सुनिन्छ यद्यपि यो सत्य हो या झुट ? पत्ता लगाउने काम सरकारको हो। रसुवाको भोटेकोशीमा हालै आएको बाढीले हजारौंको ज्यान लिएको छ। यदि डेढ वर्षअघि बाढी आएको बेला नै सरकारले सतर्कता अपनाएको भए यत्रो जनधनको क्षति हुने थिएन।

त्यसैगरी, अहिले उपत्यकामा पनि भासिने चर्चा व्यापक छ। यसैले, अब सरकारले यसबारे अनुसन्धान गर्नुपर्छ। भूगर्भ विद्हरुलाई काममा खटाउनुपर्छ किनकि जनताको ज्यानभन्दा ठूलो केही पनि होइन। बरु सबैको ज्यान बचाउन नसकिएला तर पूर्वसतर्कताले धेरैको ज्यान त जोगाउन सकिन्छ नि ! सरकारले अध्ययन गरेर उपत्यका जोखिमपूर्ण भएमा सर्वसाधारणलाई सर्न वा स्थानान्तरण हुन आह्वान गर्नुपर्छ।

जनताले त शंकामात्र गर्न सक्छन्। अध्ययन, अनुसन्धान गर्न उनीहरुसँग स्रोतसाधन छैन। त्यो काम राज्यको हो। आफ्ना जनताको शंका हटाउने काम राज्यको हो। त्यसकारण सरकारले उपत्यकाको भौगोर्भिक अवस्था वा जोखिमबारे अध्ययन गर्न ढिलो गर्नुहुन्न। नत्र ठूलो जनधनको क्षति भोग्नुपर्ने छ। उपत्यकामा करोडौंको हाराहारीमा नागरिक बस्छन्। देशभरका जिल्ला जनता यहाँ बसोबास गर्छन्।

यदि उपत्यका भासिएमा हजार होइन, लाख होइन, करोडौंको ज्यान जानेछ। त्योसँगै खर्बौं बढीको भौतिक क्षति व्यहोर्नुपर्नेछ। जुन पक्कै पनि हामीले सहन सक्ने छैनौं। त्यसैले, सरकार सचेत हुनुपर्छ। आफ्ना नागरिक र सम्पत्ति जोगाउन सक्रिय हुनुपर्‍यो। उपत्यका अव्यवस्थित बनेको छ। यहाँ जतातत्तै घरलगायत संरचना बनेका छन्।

संरचना निर्माण गर्नु वा हुनु नराम्रो कुरा होइन। तर, संरचना निर्माणअघि माटो वा भूगोलको अवस्थाबारे अध्ययन गरिएन। अध्ययनबिनै धमाधम संरचना निर्माण गरियो। जसले जोखिम निम्त्याउँदैछ। त्यसो त उपत्यका केही दशकअघिसम्म ठूलो ताल रहेको पनि बताइन्छ। स्थानीय बुढापाका भन्छन् कि यहाँ त ठूलो पोखरी-ताल थियो। अहिले ताल-पोखरी केही पनि छैन, छ त घरैघर।

उपत्यकामा खाली जमिन देखिनै महामुस्किल छ। समतलदेखि डाँडाकाँडासम्ममा संरचना बनाइएको छ। जतातत्तै प्लटिङ गरिएको छ। अग्लाअग्ला संरचना ठड्याइएको छ। फेरि सरकार यसलाई विकास भन्छ। घरलगायत संरचना निर्माण हुनुमात्र विकास हो र ? यदि यही संरचना पनि व्यवस्थित र अध्ययन गरेर मात्र निर्माण भएको भए विकास भन्न मिल्थ्यो। यहाँ त एउटै संरचना माटो र भूगोलको अवस्थाबारे संरचना गरेर निर्माण भएको पाइँदैन। यसले जमिनको भार सहनसक्ने क्षमतासमेत कमजोर हुँदै गएको देखिन्छ।

२०४७-४८ सालतिर काठमाडौंको बानेश्वर, शान्तिनगरलगायत क्षेत्र बाह्रै महिना डुबान हुन्थ्यो भन्नेहरु अहिले पनि छन्। यता, भक्तपुरको राधेराधे, कमेरोटारलगायतका क्षेत्र पनि वर्षैभरि डुबान हुने स्थानीय बुढापाका बताउँछन्। राधेराधेलाई त २०२१ सालमा नापीका क्रममा सिमसार क्षेत्रमै राखिएको थियो। अहिले यहाँ खाली ठाउँ पाउन मुस्किल छ।

जतातत्तै घरलगायत संरचना बनेका छन्। अनि केही गरी पहिलेजस्तै राधेराधे बाह्रै महिना डुबानमा पर्ने भएमा यहाँको हालत के होला ? स्थानीय बुढापाका अनुसार २०५१ र २०५२ सालमा भारी वर्षा हुँदा राधेराधेसहित नयाँ थिमी, सिर्जनानगर, सल्लाघारी, चुनदेवी, सूर्यविनायकसम्म डुबानमा परेको थियो। उता, काठमाडौं र ललितपुर पनि डुबानमा पर्‍यो।



२०५५ सालमा पनि सोही दोहोरियो। २०८१ असोज १० गतेदेखि १३ गतेसम्म र २०८२ असोज १७ गतेदेखि १९ गतेसम्म भएको वर्षाले पनि काठमाडौं उपत्यका डुबानमा परेको थियो। केही समयअघि वर्षा हुँदा पनि काठमाडौंको माइतीघरलगायत एरिया र ललितपुर तथा भक्तपुरका केही ठाउँ पनि डुबानमा पर्‍यो।

उपत्यका भासिनेसँगै जलेर खरानी हुने जोखिम पनि उत्तिकै छ। गत वर्षको भदौ २३ र २४ गते भएको जेनजी विद्रोहका क्रममा सिंहदरबारसहित राजनीतिक दलका नेताका निवास, व्यापारिक केन्द्र, सरकारी कार्यालयलगायतमा आगजनी गरियो। घना बस्तीमा रहेका त्यस्ता ठाउँमा आगजनी गरिँदा बस्ती नै सखाप हुने डरसमेत देखियो।

घना बस्तीकै बीचमा विमानस्थल, पेट्रोल पम्प, इन्धन तथा ग्यास डिपो, व्यापारिक महल, सरकारी कार्यालय, बसपार्क, बैंक, वित्तीय संस्था, फिल्म हललगायत छन्। यदि केही गरी एउटा ठाउँमा आगो लागे सबैतिर सल्कने खतरा छ। अर्कोतर्फ, घना बस्तीमा विमान दुर्घटना भए के होला ?

२०६९ असोज १२ गते नरेफाँट, २०७४ फागुन २८ गते र २०८१ साउन ९ गते एयरपोर्टभित्रै विमान दुर्घटना भयो। यी दुर्घटनामा पाइलटले आफ्नो र यात्रुको ज्यान जोखिममा राखेर बस्ती जोगाए। सधैं त यसरी नै बस्ती जोगिने छैन नि ! यसैले, सरकारले विमानस्थल पनि बस्तीभन्दा निकै टाडा सार्न जरुरी छ। उपत्यकाका एउटै घरमा २० जनादेखि तीन सय जनासम्म बस्छन्। २०७२ बैशाख १२ गते महाभूकम्प गयो।

उपत्यकासहित १४ जिल्लामा क्षति भयो। सबैभन्दा बढी जनधनको क्षति उपत्यकामा भयो। २०८० कात्तिक १७ गते जाजरकोट र रुकुम पश्चिममा ठूल्लै भूकम्प गए पनि जनधनको धेरै क्षति भएन किनकि ठूला ठाउँ थियो, घरहरु ढुंगा र माटाका थिए। नेपालमा २०४५ र १९९० मा पनि भूकम्प आएका थिए। ती भूकम्पमा धेरै जनधनको क्षति भएन किनकि घना बस्ती थिएन। घरहरु अग्ला थिएनन्। हरेक वर्ष बर्खा आउनासाथ बाढी, पहिरो र डुबान हुन्छन्। सयौंले ज्यान गुमाउँछन्। खोला नदी किनारमा बाक्लो बस्ती बसेको छ। बाढी आउँदा बस्ती नै बग्छ तर कहिलेसम्म त्यस्ता बस्ती बचाउन सकिएला। रसुवामा जसरी पानी नै नपरी बाढी आएमा खोला नदी किनारका हजारौं बस्तीसँगै मानिस पनि बग्नेछन्। तब हुने क्षतिको कल्पनासमेत गर्न सकिँदैन। त्यसैले, अब सरकार जनता जोगाउन लाग्नुपर्छ।

जोखिमयुक्त क्षेत्रको पहिचान गरौं र सुरक्षित स्थानमा मात्र बस्ती बसाल्न दिनुपर्छ। नत्र हरेक वर्ष केही न केहीले जनताको ज्यान लिइरहनेछ। उसै त मुलुकको जनसंख्या लगातार घटिरहेको छ। यदि यही क्रममा जनता मरिरहने हो भने कुनै दिन देशै रित्तो हुन पनि बेर लाग्दैन। त्यसैले, समय फर्केर आउँदैन। अझै पनि सरकारको आँखा नखुल्ने हो भने भविष्यमा हुने भयावह अवस्थाको जिम्मेवार स्वयम् राज्य हुनेछ। विपद् बाजा बजाएर आउँदैन, सरकारले बुझोस् र रसुवा बाढीबाट पाठ सिक्दै अघि बढोस्।

# मेथी : स्वादसँगै स्वास्थ्यको साथी

भान्सामा मसला र सागका रूपमा प्रयोग हुँदै आएको मेथी श्वादका लागि मात्र होइन, स्वास्थ्यका दृष्टिले पनि उपयोगी मानिन्छ। मेथीका दाना, पात र अंकुरित रूप विभिन्न तरिकाले खान सकिन्छ। यसमा फाइबर, प्रोटिन, आइरन, म्याग्नेसियम तथा विभिन्न वनस्पतिजन्य यौगिक पाइने भएकाले परम्परागत रूपमा यसलाई स्वास्थ्यवर्धक खाद्य पदार्थका रूपमा प्रयोग गरिँदै आएको छ।

मेथीको प्रमुख विशेषता यसको फाइबरको मात्रा हो। फाइबरले पाचन प्रणालीलाई नियमित राख्न र कब्जियत कम गर्न सहयोग गर्न सक्छ। विशेषगरी मेथीका दाना पानीमा भिजाएर खाने चलन धेरै ठाउँमा छ। पर्याप्त पानीसँगै फाइबरयुक्त खाद्य पदार्थ सेवन गर्दा आन्द्राको स्वास्थ्यलाई सहयोग पुग्छ। धेरै मात्रामा मेथी एकै पटक सेवन गर्दा पेट फुल्ने, ग्यास वा पखाला हुन सक्ने भएकाले मात्रा मिलाउनु आवश्यक हुन्छ।

मेथीलाई रक्तमा चिनीको मात्रा व्यवस्थापन गर्न सहयोग गर्ने खाद्य पदार्थका रूपमा पनि अध्ययन गरिएको छ। मेथीमा रहेको घुलनशील फाइबरले खाना पचेपछि ग्लुकोज अवशोषणको गति केही कम गर्न सक्छ। केही अध्ययनले मधुमेह भएका व्यक्तिमा मेथी सेवन गर्दा रक्तशर्करामा सामान्य सुधार देखिन सक्ने संकेत गरेका छन् तर मेथीलाई मधुमेहको औषधिको विकल्प भने मान्न हुँदैन। औषधि सेवन गरिरहेका व्यक्तिले चिकित्सकको सल्लाहबिना मेथीको मात्रा धेरै बढाउनु उचित हुँदैन।

मेथी कोलेस्ट्रोल र मुटुको स्वास्थ्यसँग पनि जोडिएको छ। यसको फाइबर तथा अन्य वनस्पतिजन्य तत्वले शरीरमा बोसोको चयापचयमा सकारात्मक भूमिका खेल्न सक्ने केही अनुसन्धानले देखाएका छन्। नियमित रूपमा सन्तुलित भोजन, पर्याप्त शारीरिक गतिविधि र स्वस्थ जीवनशैलीसँगै मेथीलाई आहारमा समावेश गर्नु उपयोगी हुन सक्छ।

त्यसैगरी मेथीमा पाइने एन्टिअक्सिडेन्ट यौगिकले शरीरका कोषिकालाई अक्सिडेटिभ तनावबाट जोगाउन भूमिका खेल्न सक्छ। मेथीको सागमा विभिन्न पोषक तत्वसमेत पाइने भएकाले यसलाई दैनिक खानामा हरियो सागका रूपमा समावेश गर्नु राम्रो विकल्प हुन सक्छ।

महिलाका लागि पनि मेथीबारे परम्परागत रूपमा विभिन्न प्रयोग पाइन्छन्। विशेषगरी महिनावारीका बेला हुने असहजता तथा स्तनपानसँग सम्बन्धित दूध उत्पादनका लागि मेथी प्रयोग गर्ने चलन छ। यी विषयमा सबै व्यक्तिमा समान प्रभाव हुन्छ भन्ने बलियो प्रमाण छैन। गर्भावस्थामा मेथीको औषधीय मात्रा प्रयोग गर्नु अघि चिकित्सकीय सल्लाह लिनु आवश्यक हुन्छ।

मेथी सेवन गर्ने सबैभन्दा सरल उपाय भनेको यसलाई तरकारी, साग, दाल वा अचारमा प्रयोग गर्नु हो। मेथीका दाना भिजाएर वा खानामा मसिनो पारेर प्रयोग गर्न सकिन्छ। कुनै पनि स्वास्थ्यवर्धक खाद्य पदार्थ धेरै खाँदैमा बढी लाभ हुन्छ भन्ने हुँदैन।

अन्ततः मेथी कुनै चमत्कारी औषधि होइन, सन्तुलित आहारको एउटा उपयोगी हिस्सा हो। उचित मात्रामा र आफ्नो स्वास्थ्य अवस्था सुहाउँदो तरिकाले प्रयोग गर्दा यसले पाचन, रक्तशर्करा व्यवस्थापन तथा समग्र पोषणमा सहयोग पुर्‍याउन सक्छ। रोगको उपचारका लागि भने मेथीमा मात्र निर्भर नभई आवश्यक चिकित्सकीय उपचार र स्वस्थ जीवनशैलीलाई प्राथमिकता दिनु नै बुद्धिमानी हुन्छ।

# The Lamb Who Bore Our Sins

**P. Pilgrim**

There is a story often told of a man who was working high up on a wall during the construction of a tall church tower. When he was moving along the wall on scaffold his safety rope snapped. He suddenly lost his balance and fell from a great height, and there was nothing he could do to stop himself. His terrified co-workers rushed downstairs, entirely expecting to find him dead. Instead, they found him alive and only slightly injured.

A flock of sheep had been grazing in the churchyard directly below the scaffolding. The man happened to land squarely on top of a young lamb. While the lamb took the full force of the impact and was crushed to death, amazingly, the man survived. The lamb had taken the man's weight. The lamb suffered the consequence of the man's fall, and the man's life was spared. To commemorate his miraculous survival and to honour the animal that took his place, the builder carved a stone statue of a lamb into the side of the church tower. The stone lamb was placed at the exact height from which the workman originally fell.



Imagine that man looking down at the lifeless lamb. He might have thought, “That lamb died because I fell. I deserved to suffer the consequences of my fall, but the lamb took my place.” This is only an illustration, but it gives us a picture of a much greater truth found in the Bible. The Bible tells us that Jesus Christ is “the Lamb of God, which taketh away the sin of the world.” in the gospel of John 1:29. John the Baptist did not call Jesus merely a lamb. He called Him the Lamb of God. Throughout the Old Testament, lambs were sacrificed because of sin. God taught His people that sin deserved death and that a substitute could die in the sinner's place. But those animals could never actually take away sin permanently. They pointed forward to the coming sacrifice of Jesus Christ. Peter tells us in 1 Peter 1:18, 19 “Forasmuch as ye know that ye were not redeemed with corruptible things, as silver and gold... But with the precious blood of Christ, as of a lamb without blemish and without spot.” Jesus was the perfect Lamb. He was without sin. The falling man in the story could not save himself. He was falling, and he needed someone—or something—to bear the consequences for him. In the same way, mankind has fallen into sin. The Bible says in Romans 3:23 “For all have sinned, and come short of the glory of God.” We cannot save ourselves through good works, religion, money, morality, or human effort. Sin has a consequence “For the wages of sin is death...” says Romans 6:23. However, God provided a substitute. Jesus Christ came into this world and took the punishment that sinners deserved. Isaiah prophesied about Christ hundreds of years before His death in Isaiah 53:5 “But he was wounded for our transgressions, he was bruised for our iniquities... and with his stripes we are healed.” Then Isaiah gives us this beautiful picture, “All we like sheep have gone astray; we have turned everyone to his own way; and the LORD hath laid on him the iniquity of us all”, Isaiah 53:6. That is the heart of the gospel. We went astray, but the sins of those who believed were laid upon Christ. We deserved judgment, but Christ bore our judgment. We deserved death, but Christ died in our place. The man who fell from the wall could not save himself. His only hope was that something else would bear his weight. And spiritually, our only hope is Jesus Christ. The question is not simply, “Do you know about Jesus?” The question is “Have you trusted Jesus Christ as your Saviour?”

*(pilgrimway101@yahoo.com)*

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com



लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

## देउवाले ...

आए कार्तिकसम्म जान सक्ने बताइएको छ। भोटेकोशीको महाविपत्तिमा पीडितहरुसँग र नेता तथा कार्यकर्ताहरुसँग साथमा रही राहतको लागि सकृय भूमिका निर्वाह गरेका सभापति थापाले विवाद अन्त्य गरेर एउटै महाधिवेशन गराई देउवा पक्षले सर्वोच्च अदालतबाट निस्सा पाउनु अघि उठाउँदै आएका अधिकांश माग सम्बोधन तयार रहेको सन्देश दिएका छन्।

यसका लागि देउवालाई खोपीको देउता मानेर स्वार्थपूर्ति गर्दै आएका सिंह, निधि, सिटौला, महत एण्ड कम्पनी बाधक रहेको श्रोतले बताएको छ। यता, काँग्रेसको १५ औं महाधिवेशनका लागि राष्ट्रिय सभागृहको हल र भृकुटीमण्डपको स्टल व्यवस्थापनका लागि पत्र पठाइसकेको खबर छ। महाधिवेशन निष्पक्षताका लागि १५ सदस्यीय टोली बनाएर त्यस्को नेतृत्व डा. शेखरलाई दिन तयार भएपछि चुनदेवीमा रहेको ग्रुप छट्पटाउन थालेको चर्चा चलेको छ।

देउवा समूहमा रहेका नेताहरुलाई अहिले 'सी' काँग्रेस भनेर भन्ने गरिएको छ। काँग्रेसलाई तोडफोड गर्ने भनेर लागेको समूह यतिखेर क्षतविक्षत बन्न पुगेकाले सभापति थापाको उचाई दिनानुदिन बढी रहेको चर्चा छ।

## दशैंअघि ...

रजगज गर्ने भाग्यमानी प्राविधिक सचिव मानिन्छन्। सचिव सिग्देल केही समय नेपाल ट्रष्ट बाहेक अधिकांश समय आकर्षक मन्त्रालयमा बसेको अभिलेख रहेको बताइएको छ।

भौतिक पूर्वाधार मन्त्रालयमा सचिवमा दोहोरिएका सिग्देल पछि ऊर्जा, सिँचाई हुँदै शहरी विकास मन्त्रालयको सचिवमा कार्यरत थिए। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को नेतृत्वमा बनेको वर्तमान सरकारले २२ वटा मन्त्रालयलाई एकीकृत गरी १८ वटामा झारेपछि भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास र खानेपानी मन्त्रालय एकीकृत भै पूर्वाधार विकास मन्त्रालय बनेको थियो। पूर्वाधार विकास मन्त्रालयमा करिव ७ महिना विताएका सचिव सिग्देल ५ वर्षे कार्यकालका कारण अवकाश हुने बताइएको छ। जागिरे अवधिभर सधैं आकर्षक ठाउँमा बसेर कमाउने र रमाउने अनि मस्ती गरेका सचिवको अवकाश पछि पूर्वाधार विकसा मन्त्रालयको सचिवको भन्ने चर्चा चलेको छ।

श्रोतका अनुसार प्राविधिक सचिव विश्वबाबु पुडासैनी पनि चर्चामा छन् तर सरकारको प्राथमिकतामा को योग्य र सक्षम ठानिन्छन् उसैले बाजी मार्ने श्रोतले बताएको छ। अहिले भोटेकोशी विपत्तिको अवस्थामा सडक र पुल तथा खानेपानी क्षेत्रमा काम गर्न सक्ने अनुभवी व्यक्तिलाई सरकारले प्राथमिकतामा राखी हाम्राभन्दा राम्रालाई छान्नुपर्ने चर्चा चलेको छ।

## महाअभियोग ...

संसद् सचिवालयमा यस्ता निवेदन महासचिवको कार्यालयमा दर्ता हुने र महासचिव उपस्थित नभएको अवस्थामा प्रतिनिधिसभाका सचिवमार्फत प्रक्रिया अघि बढ्ने व्यवस्था रहेका कारण पनि आधिकारिकता पाउन समय लाग्ने बताइएको छ। नेपालको संविधानले सर्वोच्च अदालतका न्यायाधीश तथा संवैधानिक निकायका पदाधिकारीमाथि महाअभियोगको प्रक्रिया अघि बढाउन सकिने व्यवस्था गरेको छ। यसको एउटा बाटो प्रतिनिधिसभाका तत्काल कायम रहेका सदस्यको कम्तीमा एक चौथाइले महाअभियोग प्रस्ताव पेस गर्नु हो। त्यस्तो प्रस्ताव प्रतिनिधिसभाबाट दुई तिहाइ बहुमतले पारित भए सम्बन्धित पदाधिकारी पदमुक्त हुने संवैधानिक व्यवस्था छ।

अर्को प्रक्रियामा भने कुनै व्यक्तिले संवैधानिक पदाधिकारीमाथि महाअभियोग लगाउनुपर्ने आधारसहित संसद्मा सूचना दिन सक्ने व्यवस्था छ। त्यस्तो उजुरीलाई कम्तीमा तीन सांसदले प्रमाणित गरेपछि महाअभियोग सिफारिस समितिबाट आवश्यक छानविन हुन सक्ने प्रावधान छ। त्यसपछि मात्र महाअभियोगको प्रक्रिया थप अघि बढ्ने अवस्था रहने बताइएको छ। यसका लागि पनि प्रतिनिधिसभाका कम्तीमा एक चौथाइ सदस्यको समर्थन आवश्यक पर्ने संवैधानिक व्यवस्था छ।

प्रतिनिधिसभामा महाअभियोग सिफारिस समिति नै गठन भइनसकेको अवस्था रहेको बताइएको छ। त्यसैले पनि रजकले दिएको निवेदन तत्काल महाअभियोग प्रक्रियामा परिणत हुने अवस्था नरहेको संसद सचिवालय स्रोतले जनाएको छ।

महाअभियोगको माग गरिएका न्यायाधीश रेग्मी सर्वोच्च अदालतको वरिष्ठताक्रममा प्रधानन्यायाधीशपछिको तेस्रो स्थानमा बहाल रहेको बताइएको छ। यसैगरी आयोगका प्रमुख आयुक्त राई संवैधानिक निकायका प्रमुख पदाधिकारी भएकाले उनीमाथि पनि महाअभियोगसम्बन्धी संवैधानिक प्रावधान लागू हुन्छ।

निवेदन पर्नु र महाअभियोग प्रस्ताव संसद्मा विधिवत् प्रवेश गर्नु फरक प्रक्रिया रहेको अधिवक्ता हरि शरण जमकटेल बताउँछन्। अधिवक्ता जमकटेल भन्छन्, ''कुनै व्यक्तिले गरेको मागले मात्र महाअभियोग अघि बढ्दैन; त्यसका लागि संविधानले तोकेको संसदीय प्रक्रिया पूरा गर्नुपर्छ। अहिलेको अवस्थामा संसद् सचिवालयले निवेदनलाई वैधानिक रूपमा दर्ता नगरेको र महाअभियोग सिफारिस समिति समेत गठन नभएकाले यसको आगामी दिशा राजनीतिक तथा संसदीय प्रक्रियामा निर्भर हुनेछ।''

## जेन–जी ...

काम गरेर देखाउने र पुरानो शैलीसँग असहमत पुस्ताको प्रतिनिधिका रूपमा बनेको थियो। त्यसैले बालेनको प्रधानमन्त्रीत्वसँग जनताको अपेक्षा असाधारण रूपमा ठूलो हुनु स्वाभाविक थियो। चुनावमा पुराना दललाई अस्वीकार गरेर मतदाताले नयाँ अनुहार मात्र खोजेका थिएनन्; उनीहरूले शासनको नयाँ संस्कार खोजेका थिए। सरकार बनेको केही महिनामै अपेक्षा र उपलब्धिबीच दूरी देखिन थालेको छ। पछिल्ला घटनाक्रमले नयाँ सरकार पनि अनुभवको अभाव, प्रशासनिक जटिलता, राजनीतिक व्यवस्थापन र निर्णय क्षमताका प्रश्नबाट मुक्त नरहेको देखाएका छन्। नयाँ सरकारको आलोचना गर्नु यसको असफलताको घोषणा होइन; बरु यसले जेन-जी आन्दोलनले खोजेको परिवर्तनलाई व्यवहारमा प्रमाणित गर्नुपर्ने कठिन चरणमा प्रवेश गरेको संकेत हो। पछिल्लो समय बालेन सरकारमाथि सडकको असन्तुष्टि, संसद्भित्रको दबाब र आफ्नै दलभित्र देखिएका चुनौतीसमेत थपिएको विश्लेषण सार्वजनिक भएका छन्।

यहाँ सबैभन्दा गम्भीर प्रश्न उठ्छ कि जेन-जीले पुरानो राजनीतिक पुस्तालाई अस्वीकार गरेर नयाँ नेतृत्व ल्याउनु मात्र खोजेको थियो कि नयाँ शासन पद्धति पनि खोजेको थियो ? उत्तर स्पष्ट छ। उसले नेतृत्वको अनुहार मात्र बदल्न खोजेको थिएन, राज्यसँग नागरिकको सम्बन्ध बदल्न खोजेको थियो। यही ठाउँमा वर्तमान सरकारको परीक्षा शुरु हुन्छ। पुराना दलले वर्षौं लगाएर सिकेको प्रशासनिक अनुभव नयाँ सरकारले केही महिनामै प्राप्त गर्न सक्दैन। अनुभवको कमीलाई कमजोरी बनाउने कि दक्ष व्यक्तिहरू, विज्ञ, अनुभवी कर्मचारी र सक्षम राजनीतिक नेतृत्वलाई समेटेर शक्ति बनाउने भन्ने कुरा सरकारको रोजाइ हो। नयाँ हुनु आफैंमा उपलब्धि होइन; नयाँ सोचलाई परिणाममा बदल्न सक्नु उपलब्धि हो। अहिले सरकार सञ्चालनमा कतिपय निर्णय आलोकाँचो देखिनु, तत्काल लोकप्रिय हुनेभन्दा दीर्घकालीन प्रभाव हेर्ने क्षमता कमजोर देखिनु र राजनीतिक तथा प्रशासनिक संयन्त्रलाई एउटै गतिमा अघि बढाउन कठिन हुनु स्वाभाविक चुनौती भए पनि यसको बहाना बनाएर जनताको अपेक्षा बेवास्ता गर्न भने मिल्दैन।

जेन-जी विद्रोहको पहिलो वर्ष पूरा हुँदै गर्दा नेपालले त्यसबाट केही स्थायी पाठ सिक्नैपर्छ। पहिलो, सरकारको सफलता भाषण, सामाजिक सञ्जालको लोकप्रियता वा पुराना दलको आलोचनाबाट मापन हुनुहुँदैन; नागरिकको जीवनमा आएको परिवर्तनबाट मापन हुनुपर्छ। दोस्रो, भ्रष्टाचारविरुद्धको नारालाई संस्थागत सुधारसँग जोड्नुपर्छ। नियुक्ति, ठेक्का, सार्वजनिक खरिद, बजेट खर्च, सरकारी सेवा र निर्णय प्रक्रियामा पारदर्शिता नआएसम्म भ्रष्टाचारविरुद्धको अभियान नारामै सीमित हुनेछ। तेस्रो, युवालाई केवल चुनावको समयमा मतदाता र आन्दोलनका समयमा सडकको शक्ति नठानी नीति निर्माण र राज्य सञ्चालनमा अर्थपूर्ण सहभागिता दिनुपर्छ। चौथो, रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य, उद्यमशीलता र डिजिटल अर्थतन्त्रलाई सरकारको मुख्य प्राथमिकता बनाउनुपर्छ। पाँचौं, राज्य संयन्त्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै परिणाममुखी प्रशासन निर्माण गर्नुपर्छ।

सबैभन्दा ठूलो कुरा, जेन-जी विद्रोहलाई अब इतिहासको एउटा रोमाञ्चक राजनीतिक घटनाका रूपमा मात्र सम्झेर पुग्दैन। त्यो विद्रोहले सत्ता परिवर्तन गऱ्यो, अन्तरिम सरकार जन्मायो, निर्वाचन गरायो र नयाँ राजनीतिक शक्तिलाई असाधारण जनादेश दिलायो। सडकले सत्ता बदल्न सक्छ, शासन बदल्न सक्दैन; शासन बदल्न संस्थागत सुधार, क्षमता, इमानदारी र निरन्तर परिणाम चाहिन्छ। त्यसैले वर्तमान सरकारसँग जनताको अपेक्षा पुराना सरकारसँगभन्दा धेरै हुनु स्वाभाविक छ। बालेन सरकारका लागि सबैभन्दा ठूलो चुनौती यही हो कि जुन पुस्ताको आक्रोश र आशाबाट यो सरकार जन्मिएको हो, त्यही पुस्तालाई केही वर्षपछि फेरि निराश हुन नदिने। अहिले सरकारसँग अवसर पनि छ र समयको दबाब पनि। यदि उसले आलोचनालाई शत्रु ठान्नुको सट्टा सुधारको संकेत मानेर विज्ञता, अनुभव र युवाशक्तिलाई सँगै लिएर अघि बढ्न सक्यो भने जेन-जी विद्रोह केवल सरकार परिवर्तनको घटना रहनेछैन, नेपाली शासन संस्कृतिमा नयाँ अध्यायको शुरुआत बन्न सक्छ। अन्यथा इतिहासले प्रश्न गर्नेछ कि पुरानो सत्ता हटाएर नयाँ अनुहार ल्याइयो, तर शासनको पुरानो चरित्रचाहिँ कति बदलियो ?

## कांग्रेसमा ...

पक्षका नेताहरू नै फरक-फरक प्राथमिकतामा देखिन थालेपछि नयाँ नेतृत्वविरुद्ध एउटै मोर्चा बनाउने प्रयास त्यति सहज नहुने देखिन्छ। यसले अन्ततः दुवै पक्षलाई संवादको टेबलमा फर्किनुपर्ने अवस्था बनाउन सक्छ।

राजनीतिक विश्लेषकहरूका अनुसार कांग्रेसको संकटलाई केवल 'गगन पक्ष विरुद्ध देउवा पक्ष' भनेर हेर्नु अहिले पर्याप्त छैन। यो कांग्रेसभित्र पुस्तान्तरण, नेतृत्व शैली, संगठन सञ्चालन, पुरानो राजनीतिक संस्कार र नयाँ मतदातासँगको सम्बन्धको विषयसमेत हो। एउटा पक्षले परिवर्तनको गति बढाउन खोज्दा अर्को पक्षले संगठनभित्रको अनुभव र सन्तुलनलाई बेवास्ता गर्न नहुने तर्क गरिरहेको छ। यी दुईबीच सन्तुलन मिलाउन नसकिए विवाद फेरि चर्किन सक्छ।

अझ महत्वपूर्ण कुरा, कांग्रेसले आफ्नो आन्तरिक विवाद समाधान गर्ने समय राष्ट्रिय राजनीतिले उसलाई दिएको छ कि छैन भन्ने हो। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा करिब दुई तिहाइको सरकार सञ्चालनमा रहेको अवस्थामा कांग्रेसको भूमिका झन् महत्वपूर्ण हुन्छ। सरकारको विकल्प बन्ने राजनीतिक दलले पहिले आफूभित्रै विश्वासको वातावरण निर्माण गर्न नसके जनताले उसलाई वैकल्पिक शक्तिका रूपमा स्वीकार्न कठिन हुन्छ।

यही कारण कांग्रेसको सम्भावित विभाजनलाई सामान्य संगठनात्मक घटनाका रूपमा लिन नहुने राजनीतिक विश्लेषकहरूको धारणा छ। नेपालमा लोकतान्त्रिक राजनीतिमा लामो योगदान गरेको कांग्रेस कमजोर हुँदा त्यसको असर पार्टीको संगठनमा मात्र सीमित रहँदैन। संसद्मा बलियो लोकतान्त्रिक प्रतिपक्ष, सरकारको निगरानी र भविष्यमा सत्ताको वैकल्पिक संरचना निर्माण गर्ने क्षमतामै असर पर्न सक्छ।

कांग्रेसका लागि अर्को चुनौती नयाँ राजनीतिक पुस्ताको विश्वास फर्काउनु हो। रास्वपाजस्ता नयाँ शक्तिको उदयले कांग्रेसको परम्परागत मताधारमा परिवर्तन आएको संकेत गरिसकेको छ। त्यसैले कांग्रेसले अब विगतको इतिहास सम्झाएर मात्र जनतालाई आकर्षित गर्न सक्दैन। उसले आफूभित्रको विवाद व्यवस्थापन गर्दै विश्वसनीय, उत्तरदायी र समयअनुकूल लोकतान्त्रिक शक्तिका रूपमा पुनःस्थापित हुनुपर्नेछ।

१५औं महाधिवेशन यस अर्थमा कांग्रेसका लागि नियमित सांगठनिक प्रक्रिया मात्र होइन, ठूलो राजनीतिक परीक्षा पनि हो। महाधिवेशन दुई समूहको शक्ति परीक्षणमा परिणत भयो भने विवाद झन् गहिरिन सक्छ। सबै धारलाई सहभागी गराएर नेतृत्व, नीति र संगठनबारे खुला बहस गर्ने वातावरण बनाइयो भने यही महाधिवेशन कांग्रेस पुनर्गठनको आधार बन्न सक्छ।

अब सभापति थापाको अगाडि पनि चुनौती स्पष्ट छ। नेतृत्वमा पुगेपछि आफ्नो पक्षलाई मात्र बलियो बनाउनेभन्दा असन्तुष्ट पक्षलाई समेत विश्वासमा लिएर अघि बढ्न सक्नु उनको राजनीतिक परिपक्वताको परीक्षा हुनेछ। त्यस्तै, देउवाका लागि पनि यो आफ्नो समूहको शक्ति प्रदर्शन गर्ने समयभन्दा आफूले दशकौँ लगानी गरेको पार्टीलाई विभाजनबाट जोगाउने भूमिका खेल्ने अवसर हुन सक्छ।

शेखर, शशांक, पूर्णबहादुरलगायत नेताहरूले पनि आ-आफ्नो राजनीतिक हैसियत जोगाउने प्रतिस्पर्धाभन्दा कांग्रेसको भविष्यबारे साझा दृष्टिकोण बनाउन सके विवादको निकास निस्कन सक्छ। बी.पी.को नाम, देउवाको अनुभव र गगनको नयाँ पुस्ताको प्रतिनिधित्वलाई एकअर्काको विकल्प बनाउने होइन, कांग्रेसकै फरक-फरक सम्पत्तिका रूपमा प्रयोग गर्न सक्ने हो भने अहिलेको संकट अवसरमा बदलिन सक्छ भन्ने कांग्रेसमा शुभचिन्तकहरुको धारणा छ।

कांग्रेस अहिले फुटको किनारामा छ कि मिलनको शुरुवाती बिन्दुमा भन्ने प्रश्न पनि राजनीतिक वृत्तमा देखिएको छ। यसको उत्तर आगामी केही साताको राजनीतिक व्यवहारले दिनेछ। एउटा कुरा भने प्रस्ट छ, कांग्रेस विभाजित भयो भने त्यसको घाटा कांग्रेसले मात्र व्यहोर्ने छैन। लोकतान्त्रिक राजनीतिको एउटा महत्वपूर्ण शक्ति कमजोर हुँदा देशको राजनीतिक सन्तुलनमै असर पर्न सक्छ। रास्वपाको विकल्प खोज्ने वर्तमान परिस्थितिमा कांग्रेससँग त्यो सम्भावना अझै छ। त्यसका लागि भने कांग्रेसले पहिले अरूको विकल्प बन्नुअघि आफ्नै विभाजनको विकल्प खोज्नुपर्नेछ।

अहिले देउवा दोधारमा छन्, असन्तुष्ट पक्ष पनि सोचमग्न छ र नयाँ नेतृत्वसमक्ष पनि सबैलाई समेट्ने चुनौती छ। यही दबाबले अन्ततः कांग्रेसलाई टकरावभन्दा मिलनको खोजीतर्फ धकेल्ने सम्भावना बढाएको छ।

## एमालेमा ...

सबैको पुनरावलोकन गर्नुपर्ने आवाजभित्रैबाट उठिरहेको छ।

यही बहसमा विद्यादेवी भण्डारीको नाम जोडिएको हो। राष्ट्रपतिको जिम्मेवारी पूरा गरेपछि सक्रिय दलगत राजनीतिबाट बाहिर रहेकी भण्डारीलाई पुनः एमालेको राजनीतिक केन्द्रमा ल्याउनुपर्ने धारणा केही नेताहरूले अघि सारेका छन्। उनका पक्षधरहरूले भण्डारीलाई ओलीको विकल्पका रूपमा मात्र होइन, एमालेभित्र पुस्तान्तरण र नेतृत्व पुनर्संरचनाको एउटा सम्भावित माध्यमका रूपमा हेरेका छन्। भण्डारीलाई अघि सार्दैमा एमालेभित्रको समस्या समाधान हुन्छ भन्ने अवस्था छैन। त्यसका लागि संगठनभित्र उनको स्वीकार्यता र नयाँ पुस्तासँगको सम्बन्ध महत्वपूर्ण हुनेछ।

वास्तवमा एमालेको अहिलेको चुनौती नेतृत्व परिवर्तनको प्रश्नभन्दा केही गहिरो छ। पछिल्लो पुस्ताका नेता तथा कार्यकर्ताले निर्णय प्रक्रियामा आफ्नो भूमिका बढाउन चाहेका छन्। पुरानो पुस्ताको योगदान अस्वीकार नगरी नेतृत्वमा नयाँ ऊर्जा र नयाँ सोच प्रवेश गराउनुपर्ने उनीहरूको अपेक्षा छ। नयाँ पुस्तालाई केवल चुनावका बेला परिचालन गर्ने तर निर्णायक ठाउँमा पुरानै अनुहार दोहोऱ्याउने शैलीप्रति असन्तुष्टि बढेमा एमालेका लागि त्यो दीर्घकालीन चुनौती बन्न सक्छ।

अर्कोतर्फ, एमाले र माधवकुमार नेपाल तथा पुष्पकमल दाहाल नेतृत्वको नेकपाबीच सहकार्य वा एकताको चर्चा पनि सेलाएको छैन। विगतका विभाजन र तिक्ततापछि वाम शक्तिहरू एक ठाउँमा आउनुपर्ने आवश्यकता महसुस गरिएको भए पनि त्यसलाई ठोस राजनीतिक प्रक्रियामा रूपान्तरण गर्ने तहमा खासै प्रगति देखिएको छैन। यसको कारण विचारभन्दा बढी नेतृत्व, विगतको राजनीतिक हिसाब र एकतापछि शक्ति बाँडफाँट कसरी हुने भन्ने प्रश्नमा रहेको देखिन्छ।

वाम एकताको चर्चा चलिरहँदा एमालेले आफ्नै संगठन बलियो बनाउन नसके बाहिरी एकताले मात्र अपेक्षित परिणाम नदिने विश्लेषकहरूको बुझाइ छ। नयाँ मतदाता र नयाँ राजनीतिक शक्तितर्फ आकर्षित भइरहेको जनमतलाई आफ्नो पक्षमा फर्काउन एमालेले पुरानै राजनीतिक भाषाभन्दा फरक ढंगले आफूलाई प्रस्तुत गर्नुपर्ने अवस्था छ।

पछिल्लो समय विपद्का घटनामा एमालेको भूमिकालाई लिएर उठेको बहस पनि यही सन्दर्भमा महत्वपूर्ण छ। बाढीपीडितका लागि पार्टीले आफ्नै तर्फबाट राहत परिचालन गरेको भए पनि सरकारको संयन्त्रसँग समन्वय गरेर अघि बढ्नुभन्दा अलग्गै ढंगले राहत वितरण गरेको भन्दै आलोचना भएको छ। विपद् व्यवस्थापनमा राजनीतिक दलको भूमिका आवश्यक भए पनि राज्य संयन्त्रलाई बलियो बनाउने कि दलगत संयन्त्रमार्फत समानान्तर काम गर्ने भन्ने प्रश्न उठेको छ। यसले एमाले र सरकारबीचको सम्बन्ध तथा प्रमुख प्रतिपक्षको भूमिकाबारे समेत बहस जन्माएको छ।

एमालेका लागि अहिलेको अवस्था आत्मसमीक्षाको समय हो। कुनै समय राष्ट्रिय राजनीतिमा निर्णायक शक्ति बनेको पार्टीले आफ्नो संगठनको आकार मात्र हेरेर भविष्य सुरक्षित गर्न सक्दैन। मतदाताको सोच बदलिएको छ, नयाँ पुस्ता पुराना राजनीतिक शैलीप्रति प्रश्न गर्न थालेको छ र नयाँ दलहरूले परम्परागत दलहरूको ठाउँ खोजिरहेका छन्।

त्यसैले आगामी दिनमा एमालेको बहस 'ओली कि भण्डारी' मा मात्र सीमित रहनु हुँदैन। असली प्रश्न एमालेले कस्तो नेतृत्व, कस्तो संगठन र कस्तो राजनीतिक कार्यक्रममार्फत आफूलाई पुनःस्थापित गर्ने भन्ने हो। ओलीको अनुभव, भण्डारीको सम्भावित भूमिका र नयाँ पुस्ताको ऊर्जा एउटै राजनीतिक उद्देश्यमा जोड्न सकियो भने एमालेले अहिलेको कमजोरीलाई अवसरमा बदल्न सक्छ।

नेतृत्वको विवाद लामो समय तन्किरहने, वाम एकताको कुरा चर्चामै सीमित रहने र जनतासँग प्रत्यक्ष जोडिने राजनीतिक एजेन्डा कमजोर हुने हो भने एमालेका लागि चुनौती अझ बढ्नेछ। अब एमालेले व्यक्ति होइन, आफ्नो भविष्यको राजनीतिक बाटो रोज्नुपर्ने समय आएको छ।

# उद्योगमन्त्रीको राजीनामा



काठमाडौँ/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी यादवले बिहीबार राजीनामा दिएकी छिन्। यादवले बिहीबार प्रधानमन्त्री बालेन शाह (बालेन) लाई भेटेर राजीनामा बुझाएको उनको सचिवालयले जनाएको छ।

यादवले बुधबार ग्यास उद्योगीलाई पाता कस्नुपर्ने भन्दै विवादित अभिव्यक्ति दिएकी थिइन्। यसअघि इन्धनको मूल्यवृद्धिको सूचना चुहाएको भन्ने आरोप पनि मन्त्री यादवमाथि लागेको थियो। त्यसै प्रकरणमा प्रधानमन्त्री शाहले उनलाई राजीनामा गर्न भनेको भनिएको थियो।

# हिरा : पृथ्वीको गहिराइदेखि गहनासम्म

हिरा संसारकै सबैभन्दा आकर्षक र मूल्यवान् प्राकृतिक रत्नमध्ये एक हो। यसको चमक, कठोरता र दुर्लभताका कारण प्राचीन समयदेखि नै हिरालाई धन, शक्ति, प्रेम र प्रतिष्ठाको प्रतीकका रूपमा हेर्ने गरिएको छ। संस्कृतमा हिरालाई 'वज्र' सँग जोडेर हेर्ने परम्परा पनि पाइन्छ। भारतमा हजारौँ वर्षअघि नै हिरा भेटिएको र प्रयोग भएको इतिहास छ। पछि अफ्रिका, रुस, अस्ट्रेलिया तथा अमेरिकालगायतका विभिन्न भूभागमा ठूला हिरा खानी पत्ता लागेपछि यसको विश्वव्यापी व्यापार विस्तार भयो।

हिरा वास्तवमा कार्बन तत्वबाट बनेको खनिज हो। पृथ्वीको सतहबाट करिब १५० देखि २०० किलोमिटरभन्दा बढी गहिराइमा अत्यधिक तापक्रम र चापको वातावरणमा कार्बनका परमाणुहरू विशेष संरचनामा व्यवस्थित हुँदा हिराको क्रिस्टल बन्न थाल्छ। यस्तो प्राकृतिक प्रक्रिया पूरा हुन लाखौँदेखि अर्बौं वर्षसम्म लाग्न सक्छ। पछि ज्वालामुखीय गतिविधिका क्रममा म्यान्टलको गहिराइबाट आएको 'किम्बरलाइट' जस्ता चट्टानसँगै हिरा पृथ्वीको सतहतिर आइपुग्छ। खानीबाट निकालिएको हिरा शुरुमा चम्किलो गहनाजस्तो हुँदैन; काट्ने, घोट्ने र पालिस गरेपछि मात्र यसको परिचित चमक देखिन्छ।

हिराको विशेषता यसको असाधारण कठोरता हो। मोह्स स्केलमा यसको कठोरता १० मानिन्छ, जुन प्राकृतिक खनिजमध्ये सबैभन्दा उच्च हो। यही कारण हिरा गहनामा मात्र होइन, काट्ने तथा घर्षण गर्ने औद्योगिक उपकरणमा समेत प्रयोग हुन्छ।

रङका आधारमा पनि हिराका विभिन्न प्रकार हुन्छन्। सबैभन्दा परिचित सेतो वा रंगहीन हिरा हो। प्राकृतिक हिरा पहेँलो, खैरो, नीलो, गुलाबी, हरियो, रातो र कालो रङमा समेत भेटिन्छ। यस्ता दुर्लभ रङका हिरालाई 'फेन्सी कलर डायमन्ड' भनिन्छ र केही अवस्थामा तिनीहरूको मूल्य रंगहीन हिराभन्दा धेरै हुन सक्छ।

आज प्राकृतिक हिरासँगै प्रयोगशालामा उत्पादन गरिने ल्याब-ग्रोन हिरा पनि बजारमा उपलब्ध छन्। यी पनि कार्बनकै क्रिस्टल संरचनाबाट बनेका हुन्छन्, तर पृथ्वीको गहिराइमा प्राकृतिक रूपमा बन्नुको सट्टा नियन्त्रित प्रविधिबाट उत्पादन गरिन्छ।

यसरी हेर्दा हिराको मूल्य केवल यसको चमकमा छैन। पृथ्वीको अत्यन्त गहिराइमा चरम ताप र दबाबबीच लामो समय लगाएर बनेको यो रत्न प्रकृतिको अद्भूत भौगर्भिक प्रक्रियाको परिणाम पनि हो। त्यसैले हिरा आजसम्म पनि सौन्दर्य, दुर्लभता र दीर्घस्थायित्वको प्रतीकका रूपमा संसारभर विशेष महत्व राख्दै आएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्याक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली-१४, नवलपुर

## धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं, क्यान्सरलगायत नसर्ने रोगबाट बचौं

### धूमपान भनेको के हो ?

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

### धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मूत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी १३ लाख मानिसको मृत्यु हुने गरेको छ ।

### धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय

- साथीभाइको लहैलहैमा नपरौं ।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामशाहपथ, काठमाडौं

Ventures Holidays Pvt. Ltd.
सस्तो टिकट
भरपर्दो सेवा
Best airfare deals for every destination
Fast Booking | Trusted Service | Best Fares



अब यात्रा बनाउनुहोस् सजिलो र किफायती
Book Now
+977-1-4547268, 9803753314 | Kamaladi-28, Kathmandu | holidaysventures@gmail.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**

## सडक डिभिजन लहानको अनुरोध

सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।

- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं ।
- सडक किनारामा निर्माण सामग्री नथुपारौं । सडक छेउको नालीमा फोहोर मैला नफालौं ।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं । सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं ।
- सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो । तसर्थ सडक अतिक्रमण नगरौं ।
- दुई या दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालना गरौं ।
- सडकको बीचमा दौडने, खेल्ने वा हिंड्ने नगरौं ।
- सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल सब-वे जस्ता सुरक्षित ठाउँबाट मात्र बाटो काटौं ।
- सडक विभागको मापदण्ड तथा सवारीसाधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔं ।

डिभिजन प्रमुख
**सडक डिभिजन, लहान**

## नागरिकमैत्री: सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोगग रौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारिता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं,

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**